# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक २०३ | काठमाडौं | आइतबार, ०७ मंसिर २०८२ | Prabhab National Daily | Sunday, 23 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**रक्तदान जीवनदान**

- रगतको अभावले बर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

रक्तदाताले:

- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
- अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुँदैन,
- ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
- रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६) वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ।
- रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो

नेपाल सरकार
विज्ञापन बोर्ड


## निर्वाचनमा जाने कांग्रेसको निर्णयले दबावमा एमाले





जेलबाट अपराधीहरु भागेका छन्, प्रहरीका हतियारहरु लुटिएका छन्, यस अवस्थामा चुनाव गराउन सम्भव छैन

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



अहिलेको राजनीतिक निकास निर्वाचन भएको कांग्रेसको निष्कर्ष हो । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक छ

**डा प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकतान्त्रिक दल नेपाली कांग्रेस फागुन २१ गते घोषित प्रतिनिधि सभामा सहभागी हुने भएको छ । शनिबार दलको केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय समितिले अन्तरिम सरकारले घोषणा गरेको निर्वाचनमा सहभागी हुने निर्णय गरेको हो ।

अहिलेको राजनीतिक निकास निर्वाचन नै भएको निचोड निकाल्दै कांग्रेसले निर्वाचनमा भाग लिन तयार भएको प्रवक्ता डा प्रकाशशरण महतले बताए । 'अहिलेको राजनीतिक निकास निर्वाचन भएको कांग्रेसको निष्कर्ष छ । फागुन २१ गते हुने निर्वाचनमा भाग लिने निर्णय कांग्रेसले गरेको छ,' बैठकपछि निर्णय सुनाउँदै प्रवक्ता महतले भने ।

कांग्रेसले राष्ट्रिय सभा र प्रतिनिधि सभाको निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गर्ने निर्णयसमेत गरेको छ । 'माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचन र फागुन ११ गते हुने प्रतिनिधि सभा निर्वाचनमा भाग लिन दर्ता गर्ने निर्णय भएको छ,' महतले भने ।

अर्को शीर्ष दल नेकपा एमालेले निर्वाचनमा भाग नलिने चेतावनी दिइरहेको बेला कांग्रेसलाई दबाव परेसँगै पार्टी यो निर्णयमा पुगेको कांग्रेस महामन्त्री गगन थापा बताउँछन् । 'निर्वाचनमा जानेबारे कांग्रेस अलमलमा देखियो भनेर चारतिरबाट प्रश्न आएकोले हामी प्रष्ट भएका हौ,' महामन्त्री थापाले भने ।

योसँगै निर्वाचनमा भाग लिने वातावरण बनिनसकेको बताउँदै आएको एमाले दबावमा परेको छ । कांग्रेसले निर्वाचनको विरोधमा रहेको दललाई समेत संवाद गरी वातावरण बनाउने निर्णय गरेको छ । कांग्रेसले व्यवस्थालाई संस्थागत गर्न फागुन २१ मा हुने विर्नाचनमा सबै राजनीतिक दलले सहभागिता जनाउनुपर्ने जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## अध्यादेशले ह्वात्तै बढायो मतदाता 'एनआइडी'बाट मात्र झन्डै पाँच लाख

- अध्यादेश जारी भएपछि थपिए साढे आठ लाख मतदाता
- थपिएकामध्ये धेरै जेन-जी पुस्ता
- नयाँ मतदाता १० लाख १६ हजार
- हरेक चुनावमा बढ्दै मतदाता



■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय परिचयपत्र भएकाको हकमा त्यसको विवरण र तस्बिरमा प्रणालीमार्फत निर्वाचन आयोगलाई पहुँच हुने व्यवस्था गरिएपछि अधिक मतदाता थपिएका छन् । निर्वाचन आयोगका अनुसार अध्यादेश ल्याएर आयोगलाई त्यसरी पहुँच दिएको २६ दिनमा आठ लाख ३७ हजार ९४ जना मतदाता थपिए ।

थपिएकामध्ये पुरूष चार लाख ७३ हजार ३४५ छन् । महिला ३ लाख ६३ हजार ७७८ जना र अन्य ६१ जना रहेको आयोगले जनाएको छ । आयोगका अनुसार नियमित प्रक्रियाबाट तीन लाख ४४ हजार ९१४ जना र राष्ट्रिय परिचयपत्र(इनआइडी)को बायोमेट्रिकबाट चार लाख ९२ हजार १८० मतदाता थपिएका हुन् । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले उत्साहजनक रूपमा मतदाता थपिएको बताए ।

'मतदाता हुन योग्यता पुगे पनि धेरै जेन-जी छुटेको गुनासो आयो र त्यसलाई सम्बोधन गर्न सरकारले अध्यादेश ल्याएर राष्ट्रिय परिचयपत्र भएकाको विवरण र तस्बिरमा जसरी प्रणालीबाटै निर्वाचन आयोगलाई पहुँज दिने व्यवस्था गरियो,' उनले प्रभावसँग भने, 'त्यसपछि उत्साहप्रद रूपमा मतदाता थपिए ।'

यसपटक नयाँ मतदाता १० लाख १६ हजार ७५४ जना छन् । उनीहरूले आगामी २१ फागुनमा पहिलोपटक मतदान गर्दैछन् । आयोगका अनुसार नयाँमध्ये धेरै मतदाता जेन-जी विद्रोहपछि थपिएका हुन् । अध्यादेश जारीपछि उत्साहजनक रूपमा मतदाता थपिएको आयोगले जनाएको छ ।

यससँगै कुल मतदाता संख्या एक करोड ९० लाख ५ हजार ३२४ पुगेको छ । यसअघि २०७९ को प्रतिनिधिसभा चुनावका लागि मतदाता एक करोड ७९ लाख ८८ हजार ५७० जना थिए ।

> राष्ट्रिय परिचयपत्र भएकाको विवरण र तस्बिरमा जसरी प्रणालीबाटै निर्वाचन आयोगलाई पहुँच दिने व्यवस्था गरियो । त्यसपछि उत्साहप्रद रुपमा मतदाता थपिए
>
> **नारायणप्रसाद भट्टराई**
> प्रवक्ता, निर्वाचन आयोग

यसपटक भने मतदाता उल्लेख्य रूपमा बढेको पाइएको हो । चुनाव भने आगामी २१ फागुनमा हुँदै छ । २७ भदौमा जेन-जी विद्रोहपछि गठित नागरिक सरकारी प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधिसभा गरेकी थिइन् । त्यही दिन ताजा जनादेशका लागि चुनाव घोषणा गरिन् ।

तर, गत २३ र २४ भदौको जेन-जी विद्रोहका सरोकारवाला मतदाता नै नभएको गुनासो आएको थियो । त्यसपछि सरकारले अध्यादेश ल्याएर उनीहरूलाई सम्बोधन गरेपछि कतिपय जेन-जी समूह र दलले ठाउँठाउँमा स्टल राखेरै मतदाता नामावलीमा नाम दर्तामा सहयोग गरेका थिए ।

आयोगले कुल मतदातामध्ये मृत्यु भएका वा उजुरी परेकाहरूको टुंगो लगाउने भने बाँकी छ । आगामी १५ पुसम्ममा टुंगो लगाएर अन्तिम मतदाताको नामावली सार्वजनिक गर्ने प्रवक्ता भट्टराईले बताए ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## वैदेशिक रोजगारीमा जान अब ३४ प्रकारका स्वास्थ्य परीक्षण गर्नुपर्ने

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न १७१ वटा संस्था सूचीकृत भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले शुक्रवार सूचना जारी गर्दै अनुगमन गरिएका २०० वटा संस्थामध्ये १७१ वटा सूचीकरणमा परेको जनाएको हो ।

मन्त्रालयले सार्वजनिक गरेको सूचीअनुसार काठमाडौं उपत्यकाभित्रका १४३ र उपत्यका बाहिरका २८ वटा मापदण्ड पुरा गरेका संस्था सूचीकरणमा परेका छन् । स्वास्थ्य संस्थाहरूलाई नयाँ मापदण्ड बमोजिमको पूर्वाधार तयार पार्न दुई महिनाको समय दिएपछि गत असार २६ गतेबाट असोज ३१ गतेसम्म अनुगमन गरिएको थियो । अनुगमनको प्रतिवेदन विज्ञ टोलीले अध्ययन गरेपश्चात् प्रधानमन्त्री तथा श्रम मन्त्रीस्तरको निर्णयबाट सुचीकरण भएका संस्थाहरू सार्वजनिक गरिएको हो ।

व्यवसायमा एकरूपता कायम गर्दै बेथितिको अन्त्य गर्नतर्फ सरकार लागेकाले अब सम्मानित रूपमा व्यवसाय गर्ने वातावरण बन्दै जाने नेपाल मेडिकल व्यवसायी संघले जनाएको छ । यसका लागि व्यवसायी एकजुट भएको संघका महासचिव कृष्णप्रसाद बजगाइँ बताउँछन् ।

'सरकारले एकरूपता कायम गर्न काम गर्दैछ । त्योमध्यको एउटा कदम भनेको सबै देशका लागि स्वास्थ्य परीक्षण गर्न योग्न हुने गरी मापदण्ड बनाएर लिस्टिङ गऱ्यो,' बजगाइँले भने, 'गुणस्तरहीन स्वास्थ्य परीक्षण, मान्छे नभइकन स्वास्थ्य परीक्षण भइरहेको जस्ता पाटोमा स्वास्थ्य संस्थालाई डिजिटलाइज्ड गरेर बेथितिको अन्त्य भएसँगसँगै सबै कुरा समेटिएर आउँछ । बिग्रिएको कुरालाई सपार्न सबै एकीकृत भएर जानुपर्छ भनेरै हामी पनि गइरहेका छौं ।' यद्यपि यसले पूर्णता पाउने या नपाउने भन्ने यसपछि सरकारले लिँदै जाने नीतिमा निर्भर गर्ने उनको भनाइ छ ।

- नयाँ मापदण्डअनुसार ३४ प्रकारका स्वास्थ्य परीक्षण गर्नुपर्ने, शुल्क नौ हजार ५००
- श्रमिकको स्वास्थ्य परीक्षण गर्न १७१ वटा संस्था सूचीकृत
- उमेर र पेसाअनुसार जोखिम समूह छुट्याएर श्वासप्रश्वासको समस्या, छालाका रोग, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोलगायतको परीक्षण गर्नुपर्ने




तस्बिर: एआईद्वारा निर्मित

मन्त्रालयले अर्को सूचना जारी गरेसँगै नयाँ शुल्कसहितको प्रावधान लागू हुनेछ । सूचीकरण भएका स्वास्थ्य संस्थाहरूले अब श्रमिकको थप परीक्षण गर्नुपर्नेछ । नयाँ मापदण्डअनुसार ३४ प्रकारका स्वास्थ्य परीक्षण गर्नुपर्ने भनिएको छ । जसबापत रोजगारीमा जाने कामदारले सबै परीक्षणको शुल्क प्याकेजमा नौ हजार ५०० कायम गरिने छ । हाल व्यवसायीले २० देखि २५ प्रकारका परीक्षण गर्दै आएका छन् । जसको सात हजार ५०० तिर्नुपर्ने हुन्छ ।

प्रमुख परीक्षणहरूमा रक्त परीक्षण (सीबीसी, ईएसआर, प्लेटलेट), क्षयरोग परीक्षण (छातीको एक्स-रे, म्यान्टोक्स परीक्षण, स्पुटम एएफबी), मिर्गौलाको कार्य परीक्षण (सिरम युरिया, क्रियाटिनिन), हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडलगायत रहेका छन् ।

मन्त्रालयले कामदारको उमेर र पेसाअनुसार जोखिम समूह छुट्याएर पेसागत रोग (श्वासप्रश्वासको समस्या, छालाका रोग, मांसपेशी र ह•ीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोगजस्ता अवस्था)को आवश्यक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणमा लापरवाही हुने गरेको पाइएपछि सरकारले त्यसलाई न्यूनीकरण गर्न नयाँ मापदण्ड लागू गर्ने जनाएको थियो । श्रम मन्त्रालयद्वारा गठित विशेषज्ञसहितको अनुगमन टोलीले गत भदौ १२ गते स्वास्थ्य संस्थाको अनुगमन तथा निरीक्षण गर्दा स्वास्थ्य परीक्षणमा चरम लापरबाही भेटेको आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । प्रतिवेदनमा श्रमिकको स्वास्थ्य परीक्षण नै नगरी रिपोर्ट तयार गर्ने, सी ग्रेडको ल्याब सञ्चालन गरेको, आवश्यक उपकरण नभएको लगायतका समस्या औंल्याइएको थियो । यहाँको परीक्षणको विषयमा गन्तव्य देशसमेत प्रश्न उठाउँदै आएको बताइन्छ ।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

**पृष्ठ १ बाट क्रमशः**

## अध्यादेशले...

नामावलीमा कुनै त्रुटि भए सच्याउन, कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए उजुरी दिन र कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भए एक स्थानमा मात्र कायम गर्न निवेदन दिन आयोगले आह्वान गरेको छ। मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको मंसिर २१ देखि २७ गतेसम्म निवेदन, उजुरी वा सूचना दिन सकिने आयोगले जनाएको छ।

त्यस्तो उजुरी वा सूचना आयोगकै वेभसाइट वा सम्बन्धि प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा दिन सकिने छ। आयेगले प्राप्त गुनासा, उजुरी वा सूचनाबारे सम्बन्धित निर्वाचन कार्यालयबाट छानबिन गराउने भएको छ। पुस १५ गते सम्बन्धित निर्वाचन कार्यालय र वडा कार्यालयमा अन्तिम मतदाता नामावली प्रकाशन आयोगको निर्वाचन कार्यतालिकामा उल्लेख छ।

### बढ्दै मताधिकारी

हरेक पटकको चुनावमा मतदाता संख्या बढेको देखिएको छ। पछिल्लो तीन वटा चुनावको मतदाता संख्या हेर्दा त्यो देखिन्छ। निर्वाचन आयोगको तथ्याङ्कअनुसार २०७४ सालको प्रतिनिधिसभा चुनावका लागि मतदाता संख्या एक करोड ५४ लाख २७ हजार ७ सय ३१ थियो। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा २५ लाख ६० हजार बढ्यो। कुल मतदाता त्यसबेला एक करोड ७९ लाख ८८ हजार ५७० जना भए। अब २१ फागुनमा हुने चुनावमा १० लाख १६ हजार बढी नयाँ मतदाता थपिए।

तर, २०७४ सालको प्रतिनिधिसभा चुनावमा ६८ दशमलव ६७ प्रतिशत मत खसेको थियो। २०७९ को प्रतिनिधिसभा चुनावमा ६१ प्रतिशत मात्रै मत खस्यो। यसपटक कति खस्छ ? टुंगो छैन। २०७० सालमा भएको संविधानसभा चुनावमा सर्वाधिक ७८ दशमलव ७४ प्रतिशत मत खस्दा २०६४ को पहिलो संविधानसभा चुनावमा प्रत्यक्षतर्फ ६१ दशमलव ७ प्रतिशत र समानुपातिकतर्फ ६३ दशमलव ३ प्रतिशत मत खसेको आयोगले जनायो।

२०५६ सालको प्रतिनिधिसभा निर्वाचनमा ६५ दशमलव ७९ प्रतिशत र २०५१ सालको प्रतिनिधिसभा निर्वाचनमा ६१ दशमलव ८६ प्रतिशत मत र त्यसअघि २०४८ सालमा ६५ दशमलव १५ प्रतिशत मत खसेको थियो।

■■■

## निर्वाचनमा...

'फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक छ। साथै, निर्वाचनलाई निष्पक्ष, विश्वसनीय र भयरहित बनाउनका लागि निर्वाचन आयोग, सरकार एवं सम्वद्ध पक्षलाई आवश्यक वातावरण निर्माण गर्न नेपाली कांग्रेस जोडदार माग गर्दछ,' कांग्रेसको निर्णयमा भनिएको छ।

निर्वाचनको चर्को विरोध गर्दै आएको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सुशीला कार्की नेतृत्वको सरकारलाई सरकार छाड्न चेतावनी दिएका छन्। देशमा निर्वाचन गराउने वतावरण नै नभएको ओलको तर्क छ। 'जेलबाट अपराधीहरू भागेका छन्, प्रहरीका हतियारहरू लुटिएका छन्, यस अवस्थामा चुनाव गराउन सम्भव छैन,' ओली भन्छन्।

शनिबार भृकुटीमण्डप पुगेर सम्बोधन गर्दै ओलीले यो सरकारलाई निर्वाचन गराउने अधिकार नै नभएको तर्क गरेका हुन्। 'तपाईं को हो चुनाव गराउने ? तपाईंसँग चुनाव गराउनु कुनै अधिकार छैन। तपाईंहरू सरकारबाट हट्नुपर्छ यो हो लोकतन्त्र,' ओलीले भने।

कांग्रेसले भने एमालेको यो शैलीलाई उत्तेजनाको राजनीति भनेको छ। कांग्रेस महामन्त्री थापाले आफ्नो दल यसखाले राजनीतिका विपक्षमा रहेको बताए। 'केही राजनीतिक दल र समूहको तर्फबाट जबरजस्ती उत्तेजना फैलाउने, थप कतै प्रतिशोध र निषेधको भाव फैल्याउने काम भएको छ। देशलाई थप हिंसातर्फ लिएर जाने प्रवृत्तिहरू देखा परेका छन्। यस्ता गतिविधि जुन दल र समूहबाट भएपनि यो गलत छ भन्ने हाम्रो ठहर छ,' थापाले भने। कांग्रेसले निर्वाचनमा भाग लिने निर्णय गरेसँग एमाले विरोधमा उत्रने एकमात्र दल बनेको छ।

### महाधिवेशनबारे बोलेन निर्णय

कांग्रेसमा बहुप्रतिक्षित विषय भने १५औं महाधिवेशनको कार्यतालिका हो। शनिबार यसैमा सहमति हुने भनिएको थियो। तर निर्णयमा यसबारे केही पनि उल्लेख गरिएको छैन। कांग्रेस प्रवक्ता महतले यस विषयमा थप छलफल गर्न मंसिर ११ गते अर्को बैठक बस्ने जानकारी दिए। 'यसका लागि कांग्रेस मंसिर ११ गतेका लागि बैठक डाकेको छ,' महतले भने।

विशेष महाधिवेशनको माग गर्दै आएको महामन्त्री थापाले पार्टीको पुसको २८ गतेभित्र महाधिवेशन गर्नुपर्ने बाध्यतामा कांग्रेस रहेको बताए। शनिबारको केन्द्रीय समितिमा यसबारे निर्णय लिन खोजेपनि सहमतिमा भने पुग्न नसकेको महामन्त्री थापाले बताए।

सकेसम्म पुसभित्र नियमित महाधिवेशन गर्न सकिने अवस्थामा संस्थापनले यसलाई रोक्न खोजेको थापाले बताए। 'सबै टुंगो लगाउ भन्ने थियो। तर आज सकिएन। सबैको सहमतिमा कि पुसभित्र आवधिक अधिवेशन गर्नुपर्छ कार्यतालिका खोजेको हो। निर्वाचनअघि नयाँ नेतृत्व खोजेको हो। हैन भने मंसिर मसान्तमा विशेष महाधिवेशनमा जानुपर्छ। यो दुईटाभन्दा अर्को विकल्प छैन,' थापाले भने।

■■■

## वैदेशिक...

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्यको सुधारका लागि गठित अध्ययन कार्यदलको प्रतिवेदन, २०८१ र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६ बमोजिमको विशेषज्ञ समितिको सिफारिसमा गत चैत १५ गते स्वास्थ्य परीक्षणलाई थप व्यवस्थित, मर्यादित र गुणस्तरीय बनाउन भन्दै परिक्षणको दायरा बढाउने निर्णय गरेको थियो।

मन्त्रालयले परीक्षणको दायरा बढाउनुका साथै स्वास्थ्य परीक्षणलाई विद्युतीय प्रणालीमा लग्ने तयारीमा लागिरहेको जनाएको छ। जुन कार्यान्वयमा आएपछि कामदारको तोकिए बमोजिमका परीक्षण सम्पन्न गरी वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेम्स)मा अपलोड गरेपछि मात्र अन्तिम श्रम स्वीकृति प्रदान गर्ने भनिएको छ। परीक्षणको रिपोर्ट सिस्टममा पठाइने हुँदा जुनसुकै स्थानमा पनि श्रमिकको स्वास्थ्य अवस्थाको जानकारी लिन सकिनेछ।

# किस्ट र मेदान्तबीच द्विपक्षीय सहकार्य सम्झौता

**काठमाडौं–** किस्ट शिक्षण अस्पतालले उपचार सेवा सुदृढ गर्ने तथा सेवा विस्तारगर्ने उद्देश्यले भारतको नयाँ दिल्लीस्थित मेदान्त अस्पतालसँग औपचारिक सहकार्य सम्झौतामा हस्ताक्षर गरेको छ। शनिबार ललितपुरस्थित हिमालय होटलमा एक कार्यक्रम गर्दै मेदान्त अस्पतालका प्रतिनिधि तथा अन्तर्राष्ट्रिय सम्बन्ध प्रमुख नवनित मल्होत्रा र अन्तराष्ट्रिय सम्बन्ध महाप्रबन्धक अमितकुमार ओझाको उपस्थितीमा सम्झौतामा हस्ताक्षर भएको हो।

हालैमात्र अस्पतालले अन्तर्राष्ट्रिय स्वास्थ्य मान्यता (एनएबिएच) प्राप्त गरेको थियो। एनएबिएच मान्यता प्राप्त गरेको एक वर्षभित्रै किस्टले अन्तर्राष्ट्रियस्तरको यो साझेदारी सुरू गरेको हो।




सम्झौता पश्चात दुवै अस्पतालबीच चिकित्सकीय तथा शल्य-उपचार सहकार्यमा उत्कृष्टताको ढाँचामा प्रविधि, विशेषज्ञता र ज्ञान आदानप्रदान हुनेछ। यस सम्झौताबाट किस्टमा अत्याधुनिक उपकरण तथा उपचार सेवाको विस्तार भई जटिल रोगको उपचार अनुगमन सेवा नेपालमै सहज हुने अपेक्षा गरिएको किस्टका अस्पताल निर्देशक प्रा.डा. सुरज बज्राचार्यले बताए।

सहकार्यले मुटु शल्यक्रिया, बोनम्यारो प्रत्यारोपण, किरण उपचारलगायतका विशेष सेवाहरूको क्षमतामा वृद्धि गर्नेछ भने चिकित्सक र प्राविधिक कर्मचारीका लागि तालिम र विशेषज्ञता आदानप्रदानका अवसर पनि उपलब्ध हुनेछन्।

दुवै संस्थाबीच दुरदराज स्वास्थ्य सेवा प्रणाली जडान गरिनेछ भने गम्भीर अवस्थाका बिरामीका लागि हवाई एम्बुलेन्स सेवामार्फत रेफरल र उपचार प्रक्रिया सहज हुनेछ।

---

**तीनपाटन गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**लाम्पनटार, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मितिः- २०८२/०८/०७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बागमती प्रदेशको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम नदीहरूको स्वीकृत घाटरनाकाहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेशको आर्थिक ऐनले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले E-BID मार्फत बोलपत्र पेस गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। अन्य विवरणको लागि WWW.bolpatra.gov.np//egp मा हेर्न सकिने छ।

**तपसिलः**

| सि. नं | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (मू.अ.कर र सेवा शुल्क बाहेक ) | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | TRM/GOODS-REVENUE/ NCB/01/2082/083 | तीनपाटन गाउँपालिका क्षेत्रभित्रका खोलाबाट नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | ६०,३७,६४६।०० (अक्षरेपी साठी लाख सैंतिस हजार छ सय छयासी रूपैया मात्र) | कबोल रकमको पाँच प्रतिशत | २०८२/०८/२२ दिनको १२:०० बजे | तीन हजार रूपैंया मात्र। |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Dhangadhi Sub-Metropolitan City**

## Office of the Municipal Executive

**Dhangadhi, Kailali**

### Invitation For The Bids

**Date of publication: 23rd November 2025 (2082/08/07 B.S.)**

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures.

| S.N. | Contract ID Number | Description of Work | Estimate amount Ex. VAT and PS | Bid Security (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 31/DSMC/ 2082/083 | Construction of Blacktop Road Works at Ward No. 9 DSMC | 29,78,309.54 | 75,000/- | 3,000/- | 23rd December 2025 (2082/09/08 B.S.) 12:00 Noon |
| 2 | 32/DSMC/ 2082/083 | Construction of Blacktop Road (Ghodsuwa Geta Baskheda Chok – Nahar- Bela Section) Works at Ward No. 11 DSMC | 21,03,273.30 | 53,000/- | 3,000/- | |
| 3 | 33/DSMC/ 2082/083 | Construction of Blacktop Road (B Gau Bista Tole Pipal Chautara to Mudbhara Tole) Works at Ward No. 14 DSMC | 21,64,417.56 | 55,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५६/११/०६ मा दर्ता भएको **प्रा. लि. नं. १२१९९** को **रिसोर्सेस फेशन्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**कम्पनी खारेजीको हकदावी सम्बन्धि सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/०१/०३ दर्ता भएको **(प्रा.लि.नं.१३४७६३/०७१/०७२)** को **श्री गणेश गणपती इन्टरनेशनल प्रा.लि.**को मिति २०८२/०८/०५ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भएअनुसार कम्पनी ऐन २०६३ को दफा १३६ क बमोजिम विशेष खारेजी मा लैजाने निर्णयअनुसार यस कम्पनीका संचालक तथा कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बाँकी भएमा वा खारेजि गर्नुनपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ९ (नौ) दिन भित्र हकदावी गर्न निम्न लिखित कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

**श्री गणेश गणपती इन्टरनेशनल प्रा.लि.**
**का.म.न.पा. वडा नं. २२**
**फोन नं. ९८०२०८८९०३ वा**
**कम्पनी रजिष्टारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाण्डौ।**



**योमरी बनाउँदै टोखाबासी** | काठमाडौँको टोखा नगरपालिका वडा नं २ र ३ द्वारा शनिबार टोखा बजारमा गरिएको टोखा सडक नेवा:खाजा महोत्सवमा सडकमै योमरी बनाउँदै टोखाका स्थानीय महिला । *तस्बिर : रासस*

# तनहुँमा पूर्वाधार विकासका १७९ योजना सम्पन्न

**दमौली–** पूर्वाधार विकास कार्यालय तनहुँले एक वर्षको अवधिमा एक सय ७९ योजना म्पन्न गरेको छ । कार्यालयले गत आर्थिक वर्षमा जिल्लाका दश पालिकामा सञ्चालित एक सय ७९ योजना सम्पन्न गरेको हो । त्यस अवधिमा रु १० लाखसम्मका १६, रु १० लाखदेखि २० लाखसम्मका ५३, रु २० लाखदेखि रु दुई करोडसम्मका ९६, रु दुई करोडदेखि पाँच करोडसम्मका दश र रु पाँच करोडमाथिका चार योजना सम्पन्न भएको कार्यालय प्रमुख रवीन्द्र तिवारीले जानकारी दिए ।

तिवारीका अनुसार शुक्लागण्डकी नगरपालिकामा ३४, म्याग्दे गाउँपालिकामा १२, भिमाद नगरपालिकामा २६, ऋषिङ गाउँपालिकामा तीन, व्यास नगरपालिकामा ३८, बन्दीपुर गाउँपालिकामा १३, आँबुखैरेनी गाउँपालिकामा १२, भानु नगरपालिकामा ३०, देवघाट गाउँपालिकामा पाँच र घिरिङ गाउँपालिकामा छ योजना सम्पन्न भएका छन् ।

कार्यालय मातहत 'एक निर्वाचन क्षेत्र : एक सडक' अन्तर्गत चार निर्वाचन क्षेत्रमा सडक निर्माणाधीन अवस्थामा छन् । तिवारीका अनुसार भानु चन्द्रावती सडक, दुलेगौडा हर्कपुर सडक, आँबु भाँगे छिम्केश्वरी सडक, आँबु भाँग छिम्केश्वरी सडक दोस्रो खण्ड निर्माणाधीन छ ।

प्रादेशिक सडक 'ख' वर्गअन्तर्गत शालिग्राम दुई, ढोरवाराही सडक, बुद्धसिंह मार्ग निर्माणाधीन अवस्थामा रहेको तिवारीले उल्लेख गरे । प्रादेशिक सडक 'ख' वर्गअन्तर्गत सिन्धु मार्ग, कृष्ण मार्ग, श्रृङ्ग पथ, सहिद लालध्वज मार्ग, दमौली केशवटार सुखौरा बन्दीपुर सडक निर्माणाधीन अवस्थामा रहेको छ ।

यसैगरी अन्य सडक निर्माण कार्यक्रमअन्तर्गत एक सय २९ मध्ये ५३, सडक पुल निर्माण तथा सम्भार कार्यक्रमअन्तर्गत १५ मध्ये दश, झोलुङ्गेपुल निर्माण तथा सम्भार अन्तर्गत पाँचमध्ये तीन निर्माणाधीन अवस्थामा छ ।

कार्यालयले सो अवधिमा केही योजना समय अगावै निर्माण सम्पन्न गरेको छ । व्यास नगरपालिका-५ रानीटारी हुँदै म्याग्दे गाउँपालिका-४ घुम्ती जोड्ने रानीटारी घुम्ती सडक समय अगावै सम्पन्न गरेको छ । नौ किलोमिटर उक्त सडक रु ३६ करोड ६२ लाख ९१ हजार ५४ को लागतमा विसं २०८१ फागुन ९ गतेसम्म सम्पन्न भएको छ । यस्तै मानपुर डेढगाउँ बुलिङटार सडकमा रु २६ करोड एक लाख ५७ हजार नौ सय २३ को लागतमा विसं २०८१ पुस ६ गते कालोपत्र सम्पन्न भएको छ ।

शालिग्राम कोरिडोर अन्तर्गत दोस्रो खण्डमा रु १७ करोड ६९ लाख ३३ हजार तीन सय एकको लागतमा विसं २०८१ मङ्सिर ३० गते कालोपत्र सम्पन्न भएको तिवारीले जानकारी दिए ।

सडकपुलतर्फ भिमाद नगरपालिका-८ र शुक्लागण्डकी नगरपालिका-१० जोड्ने क्याङ्दी खोलामा रु पाँच करोड ५७ लाख ९२ हजार आठ सय ६६ को लागतमा विसं २०८२ जेठ २० गते पुल निर्माण सम्पन्न भएको छ । यस्तै भिमाद नगरपालिका-१ डुम्रीवेशीमा रु सात करोड ५३ लाख ६४ हजार तीन सय ८२ को लागतमा पुल निर्माण सम्पन्न भएको छ । चुँदीखोलामा रु दश करोड दश लाख ९१ हजार नौ सय ६६ को लागतमा पुल निर्माण सम्पन्न भएको तिवारीले बताए । *रासस*

# नेपालगञ्जमा 'इ-लाइब्रेरी' बन्दै




**नेपालगखञ्ज–** यहाँस्थित महेन्द्र पुस्तकालय 'इ-लाइब्रेरी'का रूपमा रूपान्तरण हुने भएको छ । पुस्तकालयका अध्यक्ष बलराम यादवले निकट भविष्यमा पुस्तकालय सञ्चालन हुने बताए । अध्यक्ष यादवले प्रदेश तथा सङ्घीय सरकारसँग कम्प्युटर उपलब्ध गराउन माग पनि गरे । हाल पुस्तकालयमा तीन वटा कम्प्युटर छन् । इ-लाइब्रेरी सञ्चालनका लागि रु छ लाख आवश्यक भएको बताए ।

यसैबीच, लुम्बिनी प्रदेशका सामाजिक विकासमन्त्री आदेशकुमार अग्रवालले आगामी वर्षदेखि पुस्तकालयलाई उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरे । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले पनि पुस्तकालयलाई नियमित रूपमा सहयोग गरिने बताए ।

शुक्रबार भएको पुस्तकालयको १८औँ अधिवेशनले यादवलाई पुन:अध्यक्ष चयन गरेको छ । यसैगरी, उपाध्यक्षमा पङ्कज श्रेष्ठ र कोषाध्यक्ष अजयकुमार टण्डन पनि पुनः निर्विरोध निर्वाचित भएका छन् । *रासस*

# वाग्मती करिडोरलाई सुन्दर बनाउन ढल व्यवस्थापनमा जोड

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले वाग्मती करिडोरलाई सुन्दर बनाउन ढल व्यवस्थापनमा जोड दिएका छन् । शनिबार बिहान वाग्मती नदी करिडोरअन्तर्गत गुह्येश्वरी-गोकर्ण खण्डमा पर्ने गोकर्णेश्वर नगरपालिका-५ जम्बुडाँडा क्षेत्रको अनुगमन गरेपछि उहाँले वाग्मती करिडोर क्षेत्रको ढल व्यवस्थापन, सडक स्तरोन्नति र सरसफाइमा जोड दिएका हुन् ।

मन्त्री घिसिङले नदी सफा भए मात्र सहर सफा हुने भन्दै वाग्मतीलाई सफा बनाउन ढल व्यवस्थापन, करिडोरका सडक मर्मत र नदीमा फालिएको फोहर प्राथमिकताका साथ हटाइने बताए । नदीको सबै फोहर हटाएर त्यसको चेक बाँधलाई सञ्चालन, सो स्थानमा साना तलाउ बनाएर पर्यटकीय क्षेत्रका



रूपमा विकास गर्नेगरी काम भइरहेको मन्त्री घिसिङले जानकारी दिनुभएको उनको निजी सचिवालयले जनाएको छ । *रासस*


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. International Marketing Manager - 1**

नोटः Saudi, Qatar, Dubai, Malaysia लगायतका देशमा कम्तिमा ५ वर्ष अनुभव भएको

★ कमिसनः आपसी समझदारीमा

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

Govt.Lic. No 1170/081/082

LION RECRUITMENT SERVICE

Call us at : 9840510091 | Drop your CV at: lionrecruitment1770@gmail.com



## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०८/०७ गते**

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय, बाँकेको च.नं.२७७२ मिति २०८१/११/२७ को वन पैदावार सङ्कलन सहमति बमोजिम उत्पादित काठ र दाउरामध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउरालाई डिभिजन वन कार्यालय बाँकेको च.नं.१२०० मिति २०८२/०८/०२ गतेको बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, खयर लगायत अन्य जातका गोलिया थान १४२३ को १०६३७.५५ क्यू.फिट काठ र साल लगायत अन्य जातको दाउरा ३९.५० चट्टा दाउरा हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम विक्री प्रक्रियामा भाग लिनको लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको दिँउसो १२:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यलयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी २, बाँके**



Government of Nepal (GoN)

## Likhu Tamakoshi Rural Municipality

**Dhobi Bazar, Ramechhap.**

## Invitation for Bids

**Date of publication: 23-11-2025 10:00 A.M.**

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidders are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S. N. | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Pre-bid meeting Date | Deadline for bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | LTRM/NCB/ WORKS/ 06/2082/083 | Construction of Kotgau Khanepani Yojana Ward no -04 | 21,43,518.74 | 70,000.00 | 3,000.00 | 10-12-2025 12:00 | 23-12-2025 12:00 | 23-12-2025 14:00 |
| 2. | LTRM/NCB/ WORKS/ 07/2082/083 | Construction of Pokubesi Sinchai Yojana Ward no -04 | 21,41,783.28 | 70,000.00 | 3,000.00 | 10-12-2025 12:00 | 23-12-2025 12:00 | 23-12-2025 14:00 |
| 3. | LTRM/NCB/ WORKS/ 08/2082/083 | Burpa Khanepani Yojana | 56,15,591.89 | 1,85,000.00 | 3,000.00 | 10-12-2025 12:00 | 23-12-2025 12:00 | 23-12-2025 14:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Investment Bank Ltd.
   Name of Office: Likhu Tamakoshi Rural Municipality
   Office Account No: 07001400250016
   Rajaswa (revenue) Account Name: Ga 1 1 Aantarik Rajaswa Khata
3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer
Likhu Tamakoshi Rural Municipality

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# एमाले चुनावमा होमिन तयार बन

यसपटक प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणापछि आठ लाख ३७ हजार ९४ नयाँ मतदाता थपिएका छन् । झन्डै पाँच लाख त राष्ट्रिय परिचयपत्रमार्फतमात्रै मतदाता नामावलीमा जोडिए । निर्वाचन आयोगका अनुसार राष्ट्रिय परिचयपत्रमार्फत चार लाख ९२ हजार एक सय ८० नयाँ मतदाता थपिएका हुन् । यी मतदाता खासमा बयोमेट्रिक्स गर्न आयोग वा आयोगले तोकेको स्थानसम्म जाने जोशजाँगरमा थिएनन् । किनभने लामो लाइन, पट्यारलाग्दो सरकारी प्रक्रियाले जोकोही आजित थिए ।

यसपटक जेन–जी विद्रोह भयो । सरकारमा आएका मन्त्रीहरूले पनि जेन–जी समूहलाई निर्वाचनमा जान उत्साहित गर्‍यो । यसअघि निर्वाचनमा गएर पनि देशमा केही परिवर्तन नदेखेकाहरूले मतदाता नामावली दर्ताकै बेला उत्साहजनक काम गरिदिए । जुन अघिल्ला सरकारका नेतृत्वकर्ताले न त सोचेका थिए न त गरेकै थिए । यसले गर्दा युवाहरू चुनावमा जान उत्साहित रहेको प्रमाणित यसैबाट हुन्छ ।

जेन–जी विद्रोहपछि कामबाट चिनिएका नेताहरू पनि राजनीतिक दल दर्ता गर्न पुगेका छन् । आयोगले निर्वाचनको तयारी तीव्र रूपमा गरिरहेको छ । प्रधानमन्त्री सुशीला कार्कीले चुनाव गराएर सरकार छाड्ने बताइरहेकी छन् । यस्तो अवस्थामा शीर्ष दल नेपाली कांग्रेसले पनि चुनावमा भाग लिने निर्णय गरिसकेको छ । लोकतन्त्रको मियो मानिने कांग्रेस शनिबारसम्म यस विषयमा मौन थियो । एमालेले सडकमा रडाको मच्चाइरहेको बेला धेरैजसोले कांग्रेसको निर्णय पर्खिरहेको थियो ।

प्रतिनिधि सभा विघटनपछि अहिले कार्कीको नेतृत्वमा सरकार बनेको छ । यो सरकारको मुख्य काम चुनाव सम्पन्न गराउनु हो । देशलाई संवैधानिक ट्र्याकमा लैजाने मुख्य बाटो चुनाव हो । यसैले सबै दलले अब चुनावी बाटो नै रोज्नु आजको आवश्यकता हो । एमाले अहिले कुनै पनि हालतमा निर्वाचन हुँदैन भनेर सडकमा रोदन गरिरहेको छ । सत्ताको शक्तिमा रहेको बेला जेन–जी विद्रोहले सडकमा पुर्‍याएको रोष हुन सक्छ ।

तर देश र जनताका लागि अब निर्वाचन नै एकमात्र विकल्प हो । सरकारको तयारी, जेन–जीको उत्साह, कांग्रेसको निर्णयले अब निर्वाचनको वातावरण तय भइसकेको छ । केही कैदी कारागारबाट फरार रहेको र केही हतियार बाहिर रहेको देखाउँदै चुनावको विरोध गर्नुभन्दा अब चुनावी प्रतिस्पर्धामा होमिएर जनतामाझ जाँचिनु एमालेका लागि हितकर छ । लोकतन्त्रको संरक्षणका लागि चुनावी ग्राउन्ड तयार भइसकेको अवस्थामा भाग्नु उचित हैन ।

# कृषि क्षेत्रलाई पालिका र विद्यालयसँग जोडौं



दामोदर खनाल

> हाल मुलुकको अर्थतन्त्रको करिब २४ प्रतिशत हिस्सा कृषि क्षेत्रले ओगटेको छ भने करिब ६० प्रतिशत जनता कृषिमा लागेका छन् । सरकारले कूल बजेटको करिब १० प्रतिशतमात्र लगानी कृषि क्षेत्रमा गरेको छ । जुन न्यून बजेट हो । जुन बजेट पनि स्पष्ट नीतिअनुसार भरपर्दो र विश्वासिलो आधारमा खर्च नहुँदा लक्षित र वास्तविक किसानले लाभ पाउन सकेका छैनन् । यसर्थ सरकारले कृषि क्षेत्रको विकासका लागि आधुनिक प्रविधिको उच्चतम् प्रयोग गरी वास्तविक किसानले लाभ पाउनेगरी किसानमैत्री नीति बनाई बजेट वृद्धि गर्न जरूरी छ ।

नेपालमा पछिल्लो समय कृषि क्षेत्रको महत्त्व बढ्दै गएको छ । नेपाल कृषिप्रधान देश हो । नेपालको अर्थतन्त्र कृषिमा आधारित छ । आयात घटाउन र कृषिजन्य वस्तुको निर्यात बढाउन पनि कृषिको निकै महत्त्वपूर्ण भूमिका रहेको छ । तर राज्यले न त कृषि क्षेत्रको विकासमा स्पष्ट योजना बनाउन सकेको छ, न त मुलुकमा कृषि शिक्षा नै अनिवार्य गर्न सकेको छ । मुलुकमा कृषि क्षेत्रले कोरोना संक्रमणपछि झनै महत्त्व पायो र यो क्षेत्रप्रति आकर्षण पनि बढ्यो । यस क्षेत्रको विकासलाई अर्थतन्त्र र आर्थिक विकासको मूल आधारको रूपमा लिएर अब कृषि कार्यलाई विद्यालय र सरकारी कार्यालयसँग जोडेर अगाडि बढ्न सके यसबाट धेरै लाभ लिन सकिन्छ ।

कृषि क्षेत्रको उत्पादन, अवस्था र उत्पादित वस्तुको बजारीकरण कृषि क्षेत्रको विकासका लागि अपरिहार्य पक्ष हो । कृषि उत्पादनको उचित बजारीकरणविना कृषकले आफ्नो श्रमको मूल्य पाउन सक्दैनन् । तसर्थ नेपाल सरकारले आफ्ना नीति कार्यक्रमका योजना बनाउँदा कृषि उपजको बजार र बजारीकरणको विकासलाई महत्त्वका साथ ध्यान दिन आवश्यक छ । अब विद्यालयमा कृषि शिक्षा अनिवार्य गरेर धेरै कृषिका बारे सैद्धान्तिक ज्ञान दिँदै व्यावहारिक शिक्षा दिएर विद्यालय वरिपरि जग्गामा तरकारी तथा फलफूलका बोटबिरुवा लगाउने वातावरण बनाइदिए धेरै लाभ लिन सकिन्छ । यसका लागि पालिकाले विद्यालयमा नर्सरी स्थापना गरिदिने, बजारको व्यवस्था गरिदिन 'सिड मनी' र बजारका लागि केही बजेट व्यवस्थापन गरिदिने वातावरण सिर्जना गर्न आवश्यक छ ।

निमावि र माविस्तरका विद्यार्थीहरूलाई केही मौसमी, बेमौसमी तरकारी तथा फलफूलमा आकर्षण गर्न बेर्ना बीउविजन उपलब्ध गराई विद्यालयमा प्रतिस्पर्धा गराउने वातावरण बनाउन सके उसले घरपरिवारमा आफ्नो ज्ञानको उपयोग गरी करेसा, खेतबारीमा काम गरेर यसबाट आम्दानी लिन सक्दछ । यदि विद्यार्थीलाई सिजनअनुसारका बीउ, बेर्ना उपलब्ध गराउने व्यवस्था भए जग्गा जमिन हुनेहरूले केही बढी मात्रामा कृषि कार्य गर्न सक्छन् भने सामान्य घरमात्र हुनेले छत, बरण्डा, करेसाबारीमा यो कार्य गर्न सक्दछ ।

पछिल्लो समय देशमा ७५३ पालिका छन् । त्यहाँ कृषि शाखा छन् त्यसलाई क्रियाशील गराउन प्रत्येक पालिकाले आफ्नो क्षेत्रमा भएका विद्यालयमा यो पालिका विद्यालय कृषि कार्यक्रम भनेर जोडेर सीपमूलक ज्ञानसँगै विद्यार्थीलाई आम्दानीसँग जोड्न प्रोत्साहन गर्न सकिन्छ ।

हुन त उन्नत पशुपालन गर्न उन्नत घाँस दानाको ज्ञानजस्ता ज्ञान कृषि विषय अध्यापन गराएर नेपालमा कृषि, पशु, घाँस खेतीकोबारेमा विद्यार्थीलाई ज्ञान दिन सकिन्छ । हुन त माथिका कुराहरू त सामान्य उदाहरणमात्र हुन् । कृषि र पर्यटनको राम्रो सम्भावना भएको नेपालमा कृषि पर्यटन क्षेत्रका सम्भावनाबारे विद्यार्थीलाई आयआर्जनको ज्ञान दिई स्वेदशमै रोजगारको वातावरण दिई स्वावलम्बी बनाउन सकिन्छ । सरकारी कार्यालयले पनि कार्यालयपरिसर तथा सडक कार्यालयले सडक किनार र डिभाइडरमा साना रूख फलफूल लगाएर वातावरण हरियाली पार्दै आम्दान लिन सकिन्छ ।

२०३८/३९ सालमा मैले भूसंरक्षण कार्यालय तिनाउ जलाधार योजनामा काम गर्दा वन भूसंरक्षण शाखाबाट फलफूल, तरकारी, डाले घाँस तथा अन्य बोटहरू लगाउन केही निःशुल्क केही बेर्ना कम शुल्कमा लगाउन उपलब्ध गराएको स्मरण छ । जुन काम निकै प्रभावकारी थियो तर निरन्तरता पाउन सकेन । त्यस्तै कफी, कागती, लिच्ची, सुन्तला, मेवा बेलाउती तथा उन्नत जातका घाँस पाल्पाका धेरै गाउँमा वितरण गरेको पाइन्थ्यो । पाल्पा मदनपोखरा, छहरा, बतासे, मस्याम, खस्यौली, हुमिन झडेवा रूप्से, कोलडाँडाजस्ता गाउँमा थुप्रै मिहेनती किसान त्यति बेलाकै उपज हुन् । जहाँ अहिले पनि तरकारी फलफूल खेती गरेर पाँच-१० लाख रूपैयाँसम्म कमाउने थुप्रै किसान छन् ।

पछिल्लो समय ह्याफर, रेडा, युनएनडिपी, सिडलगायत विभिन्न संघ संस्थाले कृषि कार्य र बाखा पशुपालनमा आर्थिक प्राविधिक सहयोग गरेको पाइन्छ । तर पनि पालिकाले कृषिका लागि विद्यालयलाई कृषि कार्यका लागि सिड मनी, बजार, बेर्ना सहयोगका लागि साथ दिएर अगाडि बढे कृषिप्रधान देशमा कृषिको दिगो विकास सम्भव छ ।

यो पटक तिहारमा स्वदेशमै उत्पादित फूल र माला प्रयोग हुन सक्यो । दुई-चार पालिकामा युवा र विद्यालयले फूलखेती गरेर चार/पाँच लाख रूपैयाँको फूल बिक्री गरेर आम्दानी लिन सफल भए । यो राम्रो पक्ष हो । यस्ता कामले व्यापकता पाउन जरूरी छ र सरकारले यस्ता काममा प्रोत्साहन गर्न जरुरी छ ।

तर हामीमा कामभन्दा कुरा बढी गर्ने, कसैका राम्रा सल्लाह सुझावलाई हावामा उडाउने बानी छ । अनि कृषि क्षेत्रको विकासका लागि दिइएको कति कृषि अनुदानको दुरूपयोग त देखेकै छौं । तर पनि मुलुकले अहिले हामीबाट निःस्वार्थ काम खोजेको छ । जेन-जी आन्दोलनले पनि सुशासन, आर्थिक पारदर्शिता र काम खोजेको छ । त्यसका लागि साझा प्रयास आवश्यक हुन्छ नै ।

## कृषिबजारमा निजी क्षेत्रको पहल आवश्यक

देशभित्र तरकारी तथा फलफूलजस्ता मूल्यवान् वस्तु उत्पादन र बिक्री वितरणमा निजी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । तर सरकारले निजी क्षेत्रको महत्त्वलाई बुझेर आत्मसात् गरेर स्पष्ट दिशा दिन सकिरहेको छैन । अहिले मुलुकका ७७ वटै जिल्लामा साना-ठूला निजी क्षेत्रको लगानीमा कृषिबजार सञ्चालनमा छन् । संस्थागतरूपमा संघीय सरकारी बजारको संख्या जम्मा मुलुकभर कालिमाटी कृषिबजारसहित १२ वटामात्र रहेका छन् । सरकारी बजार पनि व्यवस्थित गर्न सकेको देखिँदैन । जहाँ केही ठूला व्यापारीले बजार आफ्नो पकडमा राख्दा लक्षित वर्गले न त लाभ लिन सकेका छन् न त सरकारले उचित रकम उठाउन सकेको देखिन्छ । अनि सरकारले चासोका साथ निजी क्षेत्रको बजारलाई पनि उपयोग गर्न सकिरहेको छैन ।

हालैमात्र लुम्बिनी प्रदेशअन्तर्गत रूपन्देहीको तिलोत्तमा नगरपालिकाको मणिग्राममा करिब २० करोड रूपैयाँको लगानीमा आधुनिक सुविधासम्पन्न नेपालमै ठूलो 'लुम्बिनी कृषि उपज थोक बजार' स्थापना भएको छ । तीन विघा क्षेत्रफलमा निर्माण भएको यो कृषि उपज थोक बजारमा १७८ सुविधासम्पन्न सटरहरू छन् । तर यस्तो बजारलाई सरकारले साथ, सहयोग र हौसला दिन सकेको भेटिँदैन । राज्यले गनुपर्ने काम निजी क्षेत्रले गरिरहेका छन् । तर यस्ता बजारको महत्त्व राज्यले कहिले बुझ्ने ? व्यवसायीहरू यस्तै चिन्ता र गुनासो गर्छन् । देशको उन्नति, प्रगति र कृषि क्रान्तिका कुरा गरिरहने ठूला पार्टीहरू पटक-पटक सत्तामा पुग्दा पनि कृषि क्षेत्रको विकासमा ठोस परिवर्तन आउने काम गर्न सकेको देखिएन । बरू कृषि अनुदानका नाममा झोले कार्यालय र कागजी योजना बने, अर्बौं अर्ब रूपैयाँको दुरूपयोग भएको तथ्यांक पटक-पटक सार्वजनिक भएको जगजाहेर नै छ । हो अब जेन-जी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले यस्ता सवालमा ध्यान दिन जरुरी छ । पालिका-पालिकामा बाँझो खेतीयोग्य भूमिमा बृहत्‌रूपमा कृषि कार्य गर्न किसान र निजी क्षेत्रलाई साथ लिएर उत्पादन बढाउन जोड दिन पर्दछ ।

विभिन्न जिल्लामा पालिका, सरकारी तथा गैरसरकारी संस्थाहरूको सहयोगमा कृषि र पशुपालनका क्षेत्रमा जमेरै लागेका किसानहरू पनि छन् । पछिल्लो समय विदेशबाट फर्केका युवाहरू पनि आधुनिक तरिकाले अलि विस्तारितरूपमा कृषि कर्ममा लागेका छन् । तर पनि कतिपय मिहेनती किसानले मल, बीउ, खाद, कृषिकर्जाको अभाव झेलिरहेका छन् । सरकारले न त कृषिमैत्री नीति बनाउन सकेको छ न त कृषि क्षेत्रमा सम्भावना देखेर अगाडि बढेका किसानलाई हौसला नै दिन सकेको छ ।

कृषिमा सम्भावना बोकेको नेपालमा कृषि क्षेत्रमा लागेका मिहेनती किसान र व्यवसायीलाई सरकार र सरोकारवाला निकाय कृषि मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्रलगायतले साथ र सहयोग गर्ने हो भने यो पेसा व्यवसायबाट राम्रो आम्दानी लिन सकिन्छ । तरकारी, फलफूल, आलु, प्याजमा विदेशी आयात घटाउने तथा स्वदेशमै रोजगारको अवसर सिर्जना गरे ठूलो धनराशि विदेसिनबाट जोगिन सक्छ । फेरि नेपालको तराई-पहाडमा प्रशस्त कृषियोग्य भूमि त्यसै बाँझिएर खेर गएको सबैलाई जगजाहेर नै छ ।

निजी क्षेत्रबाट कृषि बजारको विकासमा नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतका ७७ जिल्लामा रहेका शाखाले जिल्लामा रहेका निजी तरकारी बजार व्यवस्थापनमा साथ दिँदै किसान र व्यवसायीको पुलको रूपमा काम गर्न सक्छन् ।

## किसानको संरक्षण आवश्यक

व्यावसायिकरूपमा कृषि कार्य गरेर वार्षिक २०औं लाख रूपैयाँ आम्दानी गर्ने मिहेनती किसान विभिन्न जिल्लामा छन् । तिनका उत्पादन बिक्री गर्ने ठूला बजारहरू काठमाडौं, पोखरा, विराटनगर, चितवन, बुटवललगायतका ठाउँमा रहेका छन् । तर सरकारले निजी क्षेत्रमा करौडौं करोड रूपैयाँ खर्च गरेर खुलेका बजारलाई खानेपानी, विद्युत् होस् वा सरसफाइ र जग्गा भाडामासमेत सामान्य सुविधासम्म उपलब्ध गराउन सकेको पाइँदैन । थुप्रै जिल्लामा माटोमै रमाएर कृषि कार्यमा लागेका किसानहरूका कथा धेरै छन् । यस्ता किसानलाई सरकार र निजी क्षेत्रले चिनेर हौसला बढाउन सके कृषि क्षेत्रमा मूल्य र रोजगारको राम्रो सम्भावना भेटिन्छ ।

नेपालका कतिपय कृषि पैदावार अदुवा, बेसार, कफी, च्याउ, खोर्सानी, स्याउ, सुन्तला, तामा, गेडागुडी, फूललगायतका कृषि पैदावार विदेश निकासी गरेर राम्रो आम्दानी लिन सकिने सम्भावना भएकोले सरकार-निजी क्षेत्र मिलेर अगाडि बढ्न सके विदेशी मुद्रासमेत आर्जन गर्न सकिने बलियो आधार रहेको छ । हुन त नमूना कृषि बजारको (निजी क्षेत्र)ले गत वर्षदेखि काठमाडौंबाट अर्गानिक कृषि उत्पादन विदेशी बजारमा निर्यात सुरु गरिसकेको छ । तर अझै कृषिजन्य वस्तु निर्यातमा सहजता नभएको गुनासा छन् । यसलाई चिर्न वर्तमान सरकारको तत्काल ध्यान जान जरुरी छ ।

त्यस्तै कृषि कार्यमा जमेर लागेका किसानलाई बजार र मूल्यको सुनिश्चितता दिन आवश्यक छ । यसो गर्न सकिए भोलि गुणस्तरीय कृषि पैदावार निरन्तर उत्पादन हुन सक्छ र नेपाली उत्पादनले स्वदेशी र विदेशी बजारमा आफ्नो निरन्तर पहिचानसँगै प्रतिस्पर्धा गर्न सक्दछ ।

रूपन्देहीको भैरहवामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइसकेकोले लुम्बिनी र कर्णाली प्रदेशका महत्त्वपूर्ण कृषि उत्पादनलाई बुटवलमा रहेको थोक बजार र तिलोत्तमा नगरपपालिकाको मणिग्रममा स्थापना भएको निजी क्षेत्रको लुम्बिनी कृषि उपज थोक बजारलाई प्रयोग गरेर यस क्षेत्रबाट पनि कृषिजन्य उत्पादन विदेश निर्यात गर्न सकिने बलियो आधार र सम्भावना रहेको छ । सरकारले गर्ने काम निजी क्षेत्रले ठूलो लगानी गरेका यस्ता बजारलाई सरकारले साथ सहयोग दिन जरूरी छ ।

हाल मुलुकको अर्थतन्त्रको करिब २४ प्रतिशत हिस्सा कृषि क्षेत्रले ओगटेको छ भने करिब ६० प्रतिशत जनता कृषिमा लागेका छन् । सरकारले कूल बजेटको करिब १० प्रतिशतमात्र लगानी कृषि क्षेत्रमा गरेको छ । जुन न्यून बजेट हो । जुन बजेट पनि स्पष्ट नीतिअनुसार भरपर्दो र विश्वासिलो आधारमा खर्च नहुँदा लक्षित र वास्तविक किसानले लाभ पाउन सकेका छैनन् । यसर्थ सरकारले कृषि क्षेत्रको विकासका लागि आधुनिक प्रविधिको उच्चतम् प्रयोग गरी वास्तविक किसानले लाभ पाउनेगरी किसानमैत्री नीति बनाई बजेट वृद्धि गर्न जरुरी छ । अनि कृषि शिक्षा अनिवार्य गरी पालिका र विद्यालयलाई जोडेर कृषिको किकासमा प्राथमिकता दिँदै अगाडि बढ्नु आजको आवश्यकता हो ।

श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटयान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटयान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटयान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटयान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटयान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटयान्स कम्पनी नेपालमा रेमिटयान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटयान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटयान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटयान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

पाठक मञ्च

# पञ्चेबाजाको परम्परा

नेपाल विविधता र संस्कृतिले भरिएको राष्ट्र हो । हिमाल, पहाड र तराईका बीच फैलिएको यो देश केवल भौगोलिक सुन्दरता र जातीय विविधतामा सीमित छैन, यसको आत्मा त यसकै मौलिक परम्परा र सांगीतिक धरोहरमा बस्छ । त्यही धरोहरमध्ये एक अमूल्य र प्राचीन सम्पदा हो- पञ्चेबाजा । पञ्चेबाजा केवल बाजाको समूह होइन, यो नेपाली समाजको आत्मीय भावना, हर्षको प्रतीक र संस्कृतिको जीवन्त दस्तावेज हो ।

## इतिहास र उत्पत्तिको गहिराइ

पञ्चेबाजाको इतिहास नेपालको सांस्कृतिक विकाससँगै नजिकबाट जोडिएको छ । यसको उत्पत्ति लिच्छवीकालसम्म पुग्ने मान्यता पाइन्छ । तत्कालीन समयमा धार्मिक तथा राजकीय समारोहहरूमा सनई, नरसिंगा, ढोलक, झ्याली र दमाहा बजाइन्थ्यो । मल्लकालमा दरबारका उत्सव, देवीदेवताका पूजाआजा र विजययात्रामा पनि यी बाजाहरूको प्रयोग व्यापक थियो ।

तर पञ्चेबाजा दरबारका सीमित प्रचलनमा मात्र रहेन, विस्तारै गाउँघरतिर फैलियो र जनजीवनसँग गाँसियो । ग्रामीण समाजमा विवाह, ब्रतबन्ध, जात्रा, देवपूजा, नाचगान र सामूहिक उत्सवमा यसको अनिवार्य उपस्थिति रहने परम्परा बस्यो । पञ्चेबाजा त्यस समयको सामूहिक जीवनशैली, साझा हर्ष र सामाजिक एकताको प्रतीक बनेर स्थापित भयो ।

## संरचना र स्वरको सांगीतिक अर्थ

'पञ्चे' शब्दले जनाउँछ पाँच प्रमुख बाजाहरू- सनई, नरसिंगा, ढोलक, झ्याली र दमाहा । यी प्रत्येकको स्वरको अर्थ फरक भए पनि संयुक्तरूपमा उनीहरूले उत्पन्न गर्ने ध्वनि सामूहिक उत्सव र आनन्दको अभिव्यक्ति हो । सनईको मधुर स्वरले शुभ सूचनाको संकेत दिन्छ; नरसिंगाको गम्भीर गर्जनले गौरव र वीरताको भावना जगाउँछ; ढोलक र दमाहाले ताल दिन्छन् भने झ्यालीले रागमा जीवन थप्छ । यी सबै मिलेर नेपाली समाजको सामूहिक संगीतको लय निर्माण गर्छन्- जहाँ शब्दभन्दा अगाडि भावना बोल्छ ।

## सांस्कृतिक जीवनमा पञ्चेबाजाको भूमिका

नेपाली समाजमा जीवनका हरेक संस्कारहरूमा संगीतको महत्त्व छ । जन्मदेखि मृत्यु, पूजादेखि पर्वसम्म प्रत्येक अवसरमा कुनै न कुनै सांगीतिक स्वर गुञ्जिन्छ । विवाहमा पञ्चेबाजा बज्नु केवल परम्परा होइन, शुभता र सामाजिक सहकार्यको प्रतीक हो । वधू-वरको स्वागत, मण्डपको परिक्रमा, नाचगान- यी सबैमा पञ्चेबाजाको स्वरले उत्सवको वातावरण निर्माण गर्छ । पञ्चेबाजाले गाउँको सामूहिक भावनालाई एकसाथ बाँध्छ । जब पञ्चेबाजाको धुन बज्छ, गाउँका मानिसहरू उमंगका साथ नाच्न थाल्छन् । यो केवल मनोरञ्जन होइन समुदायको एकता, संस्कृतिप्रतिको आस्था र राष्ट्रिय पहिचानको प्रतिरूप हो

## अवमूल्यनको चुनौती

तर पछिल्ला दशकहरूमा पञ्चेबाजाको स्वर विस्तारै ओझेलमा पर्न थालेको छ । आधुनिक प्रविधि र पश्चिमी संगीतको प्रभावले युवापुस्ताको ध्यान परम्परागत बाजाहरूबाट टाढा पुर्‍याइरहेको छ । विवाह वा सांस्कृतिक समारोहमा डिजे संगीत र इलेक्ट्रोनिक ध्वनिको वर्चस्व बढ्दै जाँदा पञ्चेबाजा बजाउने परम्परागत कलाकारहरू पेसाबाट विस्थापित भइरहेका छन् ।

अर्कोतर्फ, पञ्चेबाजा बजाउने परम्परा प्रायः दमाई जातिका मानिसहरूसँग सम्बन्धित रहँदै आएको छ । सामाजिक विभेद र आर्थिक कठिनाइका कारण धेरै कलाकारहरू वैकल्पिक जीविकोपार्जनतर्फ लागेका छन् । यदि यसप्रकारको बेवास्ता जारी रह्यो भने पञ्चेबाजा केवल इतिहासका पानामा सीमित हुन सक्छ- जुन सांस्कृतिक क्षतिका रूपमा भयावह हुने छ ।

**केबलबहादुर दमाई**

# शनिश्चरे तालमा १६ हजार माछाका भुरा छोडियो



**नवलपुर–** भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरले जिल्लाको देवचुली-१ मा रहेको शनिश्चरे तालमा विभिन्न प्रजातिका १६ हजार माछाका भुरा छोडेका छ । विश्व मत्स्य दिवसका अवसरमा कार्यालयले राहु, नैनी र कमनलगायतका प्रजातिका माछाका भुरा तालमा छोडेको हो ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरका प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा शर्मिला कुमालले जलीय जैविक विविधताको प्रव्रद्धन, खाद्य तथा पोषण सुरक्षाको संवर्द्धन भन्ने नारासहित माछाका भुरा छोडिएको जानकारी दिए । प्राकृतिक हिसाबले स्थानीय प्रजातिका माछाका भुरा यहाँको वातावरणमा बढ्न र हुर्कन मद्दत पुग्ने भएकाले राहु, नैनी र कमन प्रजातिका माछाका भुरा छोडिएको कुमालको भनाइ छ । यो ठाउँ पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण भएकाले पर्यटनसँगै संरक्षणलाई जोड दिने आफूहरूको प्रयास रहेको डा कुमालले बताए ।

मत्स्यविकास केन्द्र भण्डारा चितवनमा हुर्काइएको माछाका भुरा ल्याएर प्राकृतिक तालमा छोडिएको उनले जानकारी दिए । विगतका वर्षमा नारायणी नदीमा माछाका भुरा छोड्ने गरिएको भए पनि यसपटक तालमा छोड्नुको मुख्य उद्देश्य भनेको संरक्षण र पर्यटनलाई जोड्नु नै भएको कुमालले बताए । 'संरक्षणसँगै पर्यटकीय गतिविधिलाई अगाडि बढाउँदा दिगो हुन्छ', उनले भने, 'यो ताल पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेकाले हामीले संरक्षणमा जोड दिएका हौं ।'

नेपालमा हरेक वर्ष एक जनाका लागि साढे २० किलो माछा आवश्यकपर्ने भए पनि नेपाली उत्पादन भने तीन किलोभन्दा बढी हुन नसकेको कुमालले बताए । किसानले भने नेपालका सबै ठाउँमा सबै सिजनमा माछा उत्पादन गर्न कठिन भएको र उत्पादन हुने समयमा बजार अभाव हुने गरेको बताउँछन् । नवलपुरका मत्स्य व्यवसायी इन्द्रमणि भुसालले सरकारले माछापालक किसानका लागि गरेको सहयोग पर्याप्त नभएको बताए । सरकारले माछाको भुरामा अनुदान, दाना बनाउने मेसिन, माछालाई चाहिने अक्सिजन, पोखरी खन्न अनुदान दिँदै आएको भए पनि पर्याप्त नभएको किसानको भनाइ छ । *रासस*



**मितेरी पुल पुनर्निर्माण जारी** | नेपाल र चीन बिचको सीमा नाका रसुवागढीस्थित मितेरी पुल पुनर्निर्माण गरिँदै । गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले मितेरी पुल बगाएपछि चीन सरकारको सहयोगमा पहिलो चरणमा बेलीब्रिज निर्माण कार्य भइरहेको छ । *तस्बिर : रासस*

# झापा र मोरङमा बढ्दो मानव–हात्ती द्वन्द्व

**झापा–** नेपाल भित्रिएका २५ देखि ३० वटा हात्तीको बथान लामो अवधिसम्म झापा र मोरङको जङ्गली क्षेत्रमा बसेपछि मानव–हात्ती द्वन्द्वको जोखिम बढेको छ । वन्यजन्तु संरक्षणमा चासो दिइरहेकाहरूले पहिल्यैदेखि यी दुई जिल्लाको जङ्गलमा घटीमा ३० वटा रैथाने हात्ती रहेको बताउँदै आएका छन् । अब फेरि हात्ती थपिएपछि मानवसँग द्वन्द्व बढ्ने त्रास उत्पन्न भएको हो ।

गत साता मोरङको सुन्दरहरैचा क्षेत्रको जङ्गलबाट पूर्वतर्फ लागेका २५ देखि ३० वटा हात्तीको लस्कर पूर्वी गौडा बाहुनडाँगी हुँदै भारततिर लाग्ने सम्भावना देखिएको थियो । ती हात्तीको बथान दुई वर्ष अघि बाहुनडाँगी गौडाबाटै नेपाल भित्रिएका थिए ।

डिभिजन वन कार्यालय झापाका प्रमुख भरतबाबु श्रेष्ठले मोरङबाट झापाको रतुवामाई वृक्षरोपणको जङ्गल क्षेत्रसम्म आइपुगेका हात्तीको बथान छिन्नभिन्न भएर ठूलो सङ्ख्या मोरङतिरै फर्किसकेको र अरु दुई झुण्ड झापाको जङ्गलतिरै बरालिरहेको जानकारी दिए ।

सीमित क्षेत्रफलको जङ्गलमा लगातार हात्तीको सङ्ख्या थपिदै जाँदा मानव–हात्ती द्वन्द्व स्वतः बढिरहेको छ । जङ्गलमा हात्तीका लागि त्रासरहित बास र पर्याप्त आहार छैन । भोकाएर हात्तीको बथान गाउँबस्तीतिर प्रवेश गर्ने हुँदा त्यसको मार जङ्गल छेउका बासिन्दाले व्यहोरिरहेका छन् ।

चरा तथा वन्यजन्तु संरक्षण समाजका अध्यक्ष देवेन्द्र खरेलले मोरङको जङ्गलबाट पूर्व लाग्नेबित्तिकै हात्तीको बथान सरासर हिँडेर भारततिरै जान्छ भन्ने सोचाइ गलत भएको बताउँद्धछन् । 'हात्ती घुमन्ते प्राणी हो, तर उसले आहार र सुरक्षित बासस्थान पाउञ्जेल हत्तपत्त ठाउँ छाडिहाल्दैन', खरेल भन्छन्, 'मोरङबाट झापातिर आइपुगेको हात्तीको बथानमा साना बच्चाहरू र किशोर उमेरका हात्तीको सङ्ख्या अधिक छ । उनीहरूलाई माउ हात्तीले डुलाउँदै, खुवाउँदै र ठाउँ चिनाउँदै ढिलो बसाई सार्छन् ।'

भारतको आसामदेखि पश्चिम बङ्गालको सुकुना हुँदै नेपाल भित्रिने बथानका हात्तीले पुस्तौँदेखि निरन्तर ओहोरदोहोर गरिरहेको खरेल बताउँछन् । हाल झापा र मोरङमा आहारका लागि धान, मकै र केरा पर्याप्त भएकाले हात्तीहरू भारततिर नगएको हुनसक्ने उनको भनाइ छ ।

झापामा बथान छुट्टिएका हात्तीसँग दमकको हम्सेदुम्से र शिवसताक्षी क्षेत्रमा स्थानीयवासीको जम्काभेट हुन थालेको छ । बथानमा रहेका हात्ती दिनभरि बाक्लो बन क्षेत्रमा बास बस्ने र दिउँसो आहाराको खोजीमा हिँड्ने गर्छन् । जङ्गलमा दाउरा लिन र गाईबस्तु चराउन जानेहरू हात्तीको आक्रमणमा पर्ने उच्च जोखिम छ । रैथाने हात्तीको तुलनामा बसाई सरी आएका बथानका हात्ती कम आक्रामक हुने गरेको खरेल बताउँछन् । 'मानिसको कुटाइ र लखेटाइका कारण थेत्तरो भएको एक्ले रैथाने हात्तीहरू सिधै मान्छेलाई झम्टिन्छन्', उनी भन्छन्, 'तर, बथानका हात्ती मान्छेले खेदाउँदा बालबच्चालाई घेराभित्र जोगाउँदै भाग्छन् । हत्तपत्त आक्रमणमा उत्रिदैनन् ।'

जनावर भएकाले हात्तीलाई जिस्काउने, आगो झोस्ने र बिथोल्ने गतिविधि गर्दा नै मानवीय क्षति निम्तिने गरेको उनले बताए । जङ्गलमा खाने आहारको कमीले भोकाएका हात्तीहरू मान्छेको खेतीपाती र बस्तीतिरै पस्ने भएकाले हात्तीको सङ्ख्या बढेसँगै मानव–हात्ती द्वन्द्व बढ्ने सम्भावनालाई मध्यनजर गरेर आम जनसमुदाय र सरोकारवाला निकायहरूले आवश्यक सावधानी अपनाउनु पर्ने उनको सुझाव छ । *रासस*


## Sunapati Rural Municipality

# Office of the Municipal Executive

**Hiledevi, Ramechhap**

## Invitation for Bids

**Date of publication: 23th Nov 2025**

1. Sunapati Rural Municipality, Hiledevi, Ramechhap invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following Provided Works under National Competitive Bidding procedures. The estimated amount for the works is Provided below in table (With VAT ).

| S.N | Works | Contract Id | Amount | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction and Upgrading of Dimi Pokhari Health Post Building at Ward No.2 | SUN/W/ NCB/05/2082/083 | 6,945,505.89 | Nrs. 3000.00 | Nrs. 1,80,000.00 | |
| 2 | Construction of Road Works for Piple Khanja Kathepipal Khoppakha Lofrang Sadak Stharunnati at Sunapati RM-04 | SUN/W/ NCB/06/2082/083 | 99,49,211.31 | Nrs. 3000.00 | Nrs. 2,50,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sunapati Rural Municipality, Hiledevi, Ramechhap, mailing at ito.sunapatimun@gmail.com , telephone number 9854043840 / 9851255384 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents for Nrs 3000 as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Sunapati Gaupalika Antarik Rajaswa Khata
   Name of Office: Sunapati Rural Municipality
   Office Code no. 80324506300
   Account no.: 0700100000002202
   Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held as provided in Bid Data sheet.
5. Electronic bids must be submitted to the office of Sunapati Rural Municipality, Hiledevi, Ramechhap, through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon in 23 Dec 2025. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 and 23th Dec 2025 at the office of Sunapati Rural Municipality, Hiledevi, Ramechhap. Bids must be valid for a period of 90 days after Bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs provided in above table which shall be valid for 30 days beyond the validity period of the bid date.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# प्रभाव दैनिक





### 'दले दाइ'ले कसे शोभासँग लगनगाँठो

युवापुस्ताका चर्चित कमेडियन सुमन कोइरालाले प्रेमिका शोभा गौलीसँग शनिबार लगनगाँठो कसेका छन् । पुरानो बानेश्वरस्थित नेपाल आर्य समाज केन्द्रीय सभाको भवनमा आयोजित वैवाहिक समारोहमा दुवै पक्षका परिवार, आफन्त र कमेडी कलाकार सहभागी थिए । २ वर्षदेखिको प्रेम सम्बन्धलाई यी दुईले विवाहमा परिणत गरेका हुन् । नेपालमा तनहुँ घर भएकी शोभा परिवारसहित अमेरिकामा बसोबास गर्दै आएकी छिन् । 'अब हाँस्छ अमेरिका' कमेडी टूर लिएर सुमनसहितको टोली अमेरिकाको मेरिल्याण्डमा जाँदा शोभा कार्यक्रममा सहभागी हुन परिवारसहित पुगेकी थिइन् । त्यतिबेला नै यी दुईबीच पहिलो भेट भएको जनाइएको छ ।




आइतबार, ०७ मंसिर २०८२ (Sunday, 23 November 2025)


# 'किन लाग्छ माया'को फस्टलुक रिलिज

■ प्रभाव संवाददाता

**काठमाडौं–** एस एण्ड एस प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्र 'किन लाग्छ माया' यही आउँदो चैत्र ६ गतेबाट नेपालसहित संसारभर एकैसाथ प्रदर्शन हुने भएको छ ।

प्रदर्शन मिति तय गर्दै निर्माण पक्षले चलचित्रको पहिलो लुक सार्वजनिक गरेको हो । सार्वजनिक फस्टलुकमा फिल्मका मुख्य कलाकारहरू सन्जीत भण्डारी, जाहन्वी बस्नेत, सेडो रियल र ऋचा थापालाई देख्न सकिन्छ ।

सन्जीत भण्डारी र मोनु खड्काको निर्माण तथा कुवेर तामाङको निर्देशनमा तयार भएको यो फिल्ममा  सन्जीत भण्डारी, जाहन्वी बस्नेत, ऋचा थापा, धिरेन शाक्य, मिस पबीको नामबाट परिचित पवित्रा साकी, हिउबाला गौतम, सबिन बास्तोला, रवि डंगोल, गोपाल ढकाल, राजेन्द्र खड्की, गीता अधिकारी, निरोज खुलाल, सम्रान्त थापा, भेग पहरी, बिनोद ढकाल, रामकाजी घिमिरे, रबिन्द्र खड्का, सुनील कटुवाल, नारायण प्रधान, सुभाष गजुरेल, रमेश घिमिरे, ईश्वर दाहल, रामचन्द्र श्रेष्ठ, रूपा थापा, नेहा देव, श्री स्वस्थानी तामाङ, अनुजा भट्टराई घिमिरे, आरती बुढ°ा,रामजी लमसा'ल र प्रज्ञान खड्का लगायत कलाकारहरूको अभिनय रहेको छ ।

बाल कलाकारमा आराध्या राज्यलक्ष्मी बी.सी., विनायक सुनुवार र सुरित पूढासैनीको फिल्ममा अभिनय छ । म्यूजिक भिडियोमा निरन्तर रूपमा काम गर्दै आएका कलाकार सेडो रियल यो फिल्मबाट डेब्यू गर्दैछन् ।

फिल्मको कथा सेडो रियलकै अवधारणामा आधारित छ भने फिल्मको पटकथा र संवाद रामकाजी घिमिरेले तयार पारेका छन् ।

यो फिल्ममा एक्शन राजेन्द्र खड्गी, छायांकन रामशरण उप्रेती, संगीत पुस्कर सुनुवार र राजेन्द्र बजगाँई, कोरियोग्राफी रामजी लामिछाने, नितिन वाइबा, अभि वाग्लेको छ भने फिल्मका सम्पादक टेकेन्द्र शाह हुन् । फिल्मको पोस्टर राकेश दाहालले तयार पारेका हुन् ।

फिल्मका निर्माण नियन्त्रक अर्जुन प्रसाद पोखरेल हुन् भने फिल्ममा रामशरण कोइरालाको मुख्य सहायक निर्देशन छ ।

यो फिल्मले दाजुभाइबीचको मित्रता, एक-अर्काप्रतिको जिम्मेवारी, त्याग, र विवाहपछि श्रीमान-श्रीमतीबीच विकसित हुने प्रेमलाई बताउनेछ । पारिवारिक तथा सामाजिक कथावस्तुमा निर्माण भएको यो फिल्मले दर्शकको मन जित्ने विश्वास गरिएको छ ।




# ३ वरिष्ठ सर्जकलाई 'विशिष्ट साधक सम्मान २०८२' प्रदान

■ प्रभाव संवाददाता

**काठमाडौं–** ललितकलाका विविध क्षेत्रमा समर्पित रहेर राष्ट्रलाई कला र संगीतको माध्यमबाट बिशिष्ट योगदान पुऱ्याउने ३ जनालाई 'विशिष्ट साधक सम्मान २०८२' प्रदान गरिएको छ ।

राष्ट्रिय स्रष्टा तथा प्रस्तोता प्रतिष्ठानले वरिष्ठ नृत्य निर्देशक एवं लोक नृत्य मन्चनका प्रवर्तक भैरवबहादुर थापा, वरिष्ठ गायिका तथा साहित्यकार चन्द्रकला शाह र वरिष्ठ लोकगायक तथा संकलक रेशम थापालाई सम्मान प्रदान गरेको हो । संस्थाको स्थापनाकालसँगै प्रदान गरिँदै आएको सम्मानको यो तेस्रो संस्करण हो । पुरस्कार राशीमा ५ हजार ५५५ रूपैयाँ नगद, दोसल्ला र सम्मानपत्र छ ।

पुरस्कृत एवं सम्मानित हुनेले स्रष्टाको निवासमै पुगेर गरिने यो प्रकारको सम्मान नौलो, विशेष तथा प्रशंसायोग्य रहेको बताए ।



कार्यक्रममा संस्थाका सल्लाहकार रमेश दाहाल, वरिष्ठ संगीतकार एवं गायक कमल अधिकारी, अध्यक्ष नारायणबहादुर थापा, वरिष्ठ उपाध्यक्ष दीपक शर्मा, उपाध्यक्ष सुजाता केसी, महासचिव सनम कठायत, सचिव रीता केसी, कोषाध्यक्ष प्रतिक्षा काफ्ले सहभागी थिए । साथै, सदस्यहरू वीरेन्द्र भाट विपिन, मनोज परियार, डेभिड शंकर, सुभाष तिम्सिना, कोपिला शिवाकोटी, प्रमोद डिजी र विक्रान्त आचार्य लगायतको उपस्थिती थियो ।

# मलिका अभिनीत 'सम्पूर्ण' गीत सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री मलिका महत अभिनीत मिनी-सिरिज 'टिन स्पिरिट' मा समावेश 'सम्पूर्ण' बोलको गीत सार्वजनिक गरिएको छ ।

काठमाडौंमा एक कार्यक्रमकाबीच सार्वजनिक उक्त गीतमा अपूर्व तामाङको शब्द र स्वर छ भने संगीत निर्मातामा मनिष गुरूङ छन् । 'जी.टु.वान डिजिटल' को प्रस्तुति र योङ्ग हार्ट्स फिल्म्सको सहकार्यमा निर्मित मिनी सिरिज 'टिन स्पिरिट' लाई जीवन स्वार र सुनिल गुरूङले निर्देशन गरेका हुन् ।

सिरिजमा मलिकासहित लक्ष्य तामाङ, अनुशा बायुङ्ग राई, सबी थापा, सुरेश राई, रोनिश सुब्बा, रिनेक्स बस्नेत, मनिका लामा, गीता श्री, संगीता थापा, प्रकाश श्रेष्ठ लगायतको अभिनय छ । 'टिन स्पिरिट' को निर्माताको रूपमा असिम शाह छन् ।

सिरिजको कथा सुनिल गुरूङले लेखेका हुन् भने कार्यकारी निर्माता विशाल शर्मा, आसिफ शाह क्रियटिभ डाइरेक्टरको रूपमा छन् । सिरिजलाई नकुल सुनुवारले खिचेका हुन् भने सम्पादन हाङ्पे, सुनिल शिवभक्ति र बिकेन कार्कीले गरेका हुन् । सिरिज हिमालय टेलिभिजनमार्फत प्रसारण गरिनेछ। साथै, युट्युबमा 'जी टु वान डिजिटल' को अफिसियल च्यानलबाट सार्वजनिक गरिनेछ ।

'सम्पूर्ण' बोलको गीत पनि 'जी.टु.वान डिजिटल' को अफिसियल च्यानलबाट सार्वजनिक गरिएको हो ।

## रंगशाला

**एनपिएल-२०२५**

# विराटनगर र कर्णालीको शानदार जित

## आज एनपिएलका कुनै खेल नहुने




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो संस्करणको शनिबारको खेलमा विराटनगर किंग्स र कर्णाली याक्सले जित हात पारेका छन् । शनिबार भएको पहिलो खेलमा कर्णाली याक्सले लुम्बिनी लायन्सलाई ९ विकेटले पराजित गरेको थियो भने दोस्रो खेलमा विराटनगरले काठमाडौं गोर्खाज्लाई ५ विकेटले पराजित गरेको थियो ।

दोस्रो खेलमा काठमाडौं गोर्खाजले दिएको १३५ रनको लक्ष्य विराटनगरले १७ दशमलव एक ओभरमा पाँच विकेट गुमाएर भेट्टायो । जसमा जर्ज मुन्सेले सर्वाधिक ३६, नरेन भट्टले २४,  लोकेश बमले १४, मार्टिन गुप्टिल २५, बसिर अहमद १९ रनको योगदान दिए । बलिङमा काठमाडौँका शाहव आलमले दुई, करण केसी, गेह्वार्ड एरामस र सन्तोष यादवले एक/एक विकेट लिए ।

यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङको निम्तो पाएको काठमाडौँले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १३४ रन बनाएको थियो । जसमा आदिल आलमले सर्वाधिक ४८ रनमा अविजित रहे । बेन चाल्सवर्थ ३२, सन्तोस यादवले २६ रन जोडे । विराटनगरका मर्चेन्ट डे लाङले दुई, कप्तान सन्दीप लामिछाने, शुभम् रन्जाने र सूर्य तामाङले एक/एक विकेट हात पारे ।

पहिलो खेलमा विराटनगरले पोखरा एभेन्जर्सलाई पराजित गरेको थियो । तेस्रो खेल खेलेको काठमाडौँले भने दोस्रो हार बेहोरेको छ । आफ्नो पहिलो खेलमा जनकपुर बोल्ट्सलाई पराजित गरेको काठमाडौं दोस्रो खेलमा सुदूरपश्चिमसँग पराजित भएको थियो । यो जितपछि विराटनगर अङ्क तालिकाको दोस्रो स्थानमा पुगेको छ । काठमाडौं तेस्रो स्थानमा छ । सुदूरपश्चिम शीर्ष स्थानमा कायमै छ ।

त्यस्तै पहिलो खेलमा कर्णाली याक्सका वाटको विस्फोटक ब्याटिङमा लुम्बिनीविरुद्ध शानदार जित हात पारेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा लुम्बिनी लायन्सले प्रस्तुत गरेको १५७ रनको लक्ष्य कर्णालीले १२ दशमलव २ ओभरमा एक विकेटको क्षतिमा लक्ष्य पूरा गऱ्यो । कर्णालीको जीतमा वाटले शतक प्रहार गरे । उनी एनपिएलको जारी संस्करणमा शतक प्रहार गर्ने पहिलो खेलाडी बने ।

वाटले ४४ बल खेल्ने क्रममा १२ छक्का र छ चौकाको सहयोगमा ११४ रन बनाए । २९ बलमा अर्धशतक पूरा गरेका उनले थप ४१ बलमा शतक पूरा गरेका थिए ।

कर्णालीका ओपनर प्रियांक पञ्चाल १२ रनमा आउट भए भने विलियम वोसिस्टो २९ रनमा अविजित रहे । लुम्बिनीका लागि एक मात्रै विकेट शेर मल्लले लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १५६ रन बनाएको थियो ।

लुम्बिनीका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ४९ रन जोडे । यस्तै, रुबेन ट्रम्पलमान २९ रनमा अविजित रहे । जोहानीस जोनाथन स्मितले २३ रन तथा डी'आर्की शर्टले १९ रन बनाउँदा अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ कर्णालीका नन्दन यादवले दुई विकेट लिए भने सोमपाल कामी, गुलशन झा, मार्क वाट, विपिन शर्मा र युवराज खत्रीले एक/एक विकेट लिएका थिए ।

आइतबार एनपीएलका कुनै पनि खेल नहुने जनाइएको छ । सोमबार दुई खेल हुने तालिका रहेको छ । पहिलो खेलमा विराटनगर किंग्स् र जनकपुर बोल्ट्स भिड्दैछन् भने दोस्रो खेलमा कर्णाली याक्स र सुदूरपश्चिम रोयल्सबीच खेल हुँदैछ ।

# १३ औं एनएसए कप च्याम्पियनसिप मंसिर तेश्रो साता

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल पौडी संघको आयोजनामा विगतमा हुँदै आएको एनएसए कप च्याम्पियनसिपको तेश्रो संस्करण मंसिर तेश्रो साता हुने भएको छ ।

मंसिर २० र २१ गते हुने १३ औं एनएसए कप पौडी च्याम्पियनसिप २०२५ मा विभिन्न ३१ स्पर्धामा प्रतिस्पर्धा हुने नेपाल पौडी संघले जनाएको छ । जसमा पुरुष तर्फ १५०० मिटर, ४०० मिटर, २०० मिटर, १०० मिटर, ५० मिटर तथा ४० प्लसको ५० मिटर फ्रिस्टायल, २०० मिटर, १०० मिटर र ५० मिटर ब्रेष्ट स्ट्रोक, २०० मिटर इन्डिभिज्युल मिड्ले, १०० र ५० मिटर ब्याक स्ट्रोक र बटरफ्लाई खुल्ला प्रतिस्पर्धा हुने छ । महिला तर्फ ८०० मिटर, ४०० मिटर, २०० मिटर, १०० मिटर, ५० मिटर र ४० प्लसको ५० मिटर फ्रिस्टायल, २०० मिटर, १०० मिटर र ५० मिटर ब्रेष्ट स्ट्रोक, २०० मिटर इन्डिभिज्युल मिड्ले, १०० मिटर र ५० मिटर ब्याक र बटरफ्लाई खुल्ला स्पर्धा हुनेछ ।

यसैगरि महिला तथा पुरुषको ५० मिटर गुणा ४ फ्रिस्टायल रिले र ५० मिटर गुणा ४ मिक्स मिड्ले रिलेमा प्रतिस्पर्धा हुनेछ ।

सातदोवाटोस्थित २५ मिटरको हिटिङ्ग पौडी पोखरीमा हुने च्याम्पियनसिपमा पदक प्राप्तीका आधारमा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई एनएसए च्याम्पियन ट्रफी प्रदान गरिने छ । यस्तै पदकका आधारमा १ महिला र १ पुरुष खेलाडीलाई नगदसहित ट्रफी प्रदान गरिने छ भने राष्ट्रिय किर्तिमान कायम गर्ने खेलाडीलाई नगद ५ हजारले पुरस्कृत गरिने छ ।

च्याम्पियनसिपको अनुमानित लागत २० लाख रहेको छ । आर्थिक ब्यवस्थापनका लागि राष्ट्रिय खेलकुद परिषद् लगायत विभिन्न दाता, संघ, संस्थाहरूको प्रायोजनबाट पूर्ति गरिने नेपाल पौडी संघले जनाएको छ । च्याम्पियनसिपको लागि अनलाईन आवेदन खुला भइसकेको र च्याम्पियनसिपमा सहभागिता जनाउनका लागि स्वीम नेपालबाट मात्र अनलाईन फर्म भर्नुपर्ने पौडी संघले विज्ञप्तिमा जनाएको छ ।

# नेपाल ब्लाइन्ड महिला टी–२० विश्वकपको फाइनलमा

**काठमाडौं (प्रस)–** पाकिस्तानलाई ७ विकेटले पराजित गर्दै नेपाल प्रथम ब्लाइन्ड महिला टी-२० विश्ववप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ ।

सेमिफाइनलमा पाकिस्तानले दिएको १७१ रनको लक्ष्य नेपालले ३ विकेट गुमाएर पूरा गऱ्यो । नेपालले अब उपाधिका लागि भारतसँग खेल्नेछ । भारतले पहिलो सेमिफाइनलमा अष्ट्रेलियालाई पराजित गरेर फाइनल प्रवेश गरेको हो । फाइनल खेल आइतबार श्रीलंकाको कोलोम्बोस्थित पि सारा ओभल क्रिकेट ग्राउण्डमा हुनेछ ।

नेपालले समूह चरणमा श्रीलंका, अस्ट्रेलिया, पाकिस्तान लगायतका मुलुकलाई पराजित गरेको थियो ।





दक्षिणी भियातनाममा बाढीमा परी फसेकालाई उद्धार गर्दै सुरक्षाकर्मी । बाढीका कारण यहाँ पछिल्लो दिन ५५ जनाको मृत्यु भएको छ ।

*तस्बिरः एएफपी*

# विद्यार्थी अपहरणको श्रृङ्खला बढेपछि नाइजेरियामा विद्यालय बन्द

**अबुजा (नाइजेरिया)–** आतंकवादी समूहहरूद्वारा विद्यार्थीहरूको अपहरणको श्रङ्खलामा वृद्धि भएपछि नाइजेरियाली सरकारले देशभरि कम्तीमा ४१ वटा माध्यमिक विद्यालयहरू बन्द गर्ने आदेश दिएको छ ।

नाइजेरियाको मध्य राज्य नाइजरको एक विद्यालयमा संदिग्ध आतङ्ककारीहरूले आक्रमण गरी कम्तिमा २१५ विद्यार्थी तथा १२ जना शिक्षकहरूलाई शुक्रबार अपहरण गरेको नाइजेरियाको क्रिश्चियन एसोसिएसन (क्यान) ले जनाएको छ ।

नाइजर राज्यका क्यानका प्रवक्ता डेनियल एटोरीले शुक्रबार विज्ञप्ति जारी गर्दै अगवारा स्थानीय सरकारी क्षेत्रको निजी संस्था सेन्ट मेरी स्कूलमा आक्रमण गरी सन्दिग्ध आतङ्ककारीहरूले विद्यार्थी र शिक्षकहरूलाई बन्धक बनाएको बताएका छन् ।

एटोरीले अपहरण गरिएका बच्चाहरूका अभिभावकहरूलाई भेटेपछि बच्चाहरूलाई उद्धार गरी सुरक्षित रूपमा फिर्ता ल्याउनका लागि सरकार र सुरक्षा निकायहरूसँग मिलेर काम गरिरहेको बताएका छन् ।

नाइजर राज्य सरकारका सचिव अबुबकर उस्मानले घटनाको पुष्टि गरेका छन् भने गुप्तचर रिपोर्टहरूले राज्यका केही भागहरूमा सुरक्षा खतरा बढेको सङ्केत गरेका छन् ।

सतर्कताको आधारमा सरकारले सबै निर्माण गतिविधि स्थगित गर्न र प्रभावित



क्षेत्रका स्कुलहरू अस्थायी रूपमा बन्द गर्न आदेश दिएको उनले बताए । स्थानीय सुरक्षा निकायहरूले विद्यार्थीहरूको सुरक्षित फिर्ती सुनिश्चित गर्न पूर्ण अनुसन्धान तथा खोजी र उद्धार अभियान सुरु गरेको जनाइएको छ ।

नाइजर राज्यका प्रहरी प्रवक्ता वासिउ अबियोडुनलाइ उदृत गर्दै अपहरण गरिएका विद्यार्थीहरूलाई उद्धार गर्नको लागि नजिकैको जङ्गलकामा सैन्य शक्ती र अन्य सुरक्षा एजेन्सीहरूसहित अर्धसैनिक निकायलाई घटनास्थलमा तैनाथ गरिएको सिन्ह्वाले जनाएको छ ।

संघीय सरकारको स्वामित्वमा रहेका विद्यालयहरू लक्षित यो निर्देशन यस अघि नै लागु भइसकेको शिक्षा मन्त्रालयको विज्ञप्ति मार्फत जनाएको छ । "देशका केही भागहरूमा सुरक्षा चुनौतिहरूको कारण सुरक्षा उल्लङ्घन रोक्न आवश्यक रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । यस अघि हप्ताको सुरुमा भएको आक्रमणमा उत्तरी राज्य केब्बीको सरकारी माध्यमिक विद्यालयका कम्तीमा २५ जना विद्याथी छात्राहरू पनि सन्दिग्ध आतङ्ककारीहरूले अपहरण गरेको जनाइएको छ । *रासस/सिन्ह्वा*

# ट्रम्पको शान्ति प्रस्तावमा युक्रेनको असहमति, रुसको स्वागत

**किएभ–** युक्रेनले युद्ध अन्त्य गर्न अमेरिकी पक्षबाट ल्याइएका प्रस्तावहरूमा प्रतिक्रिया तयार गर्ने कार्य तीव्र रूपमा अघि बढाएको छ । उक्त योजनामा रूसी महासङ्घका कडा र गम्भीर मागहरू समावेश गरिएका छन् । किएभले यस विषयमा प्रमुख युरोपेली साझेदारहरूसँग निरन्तर परामर्श र छलफल अघि बढाइरहेको स्पष्ट पारेको छ ।

राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले २८ बुँदे अमेरिकी प्रस्तावका कतिपय अंशप्रति आफ्नो असहमति व्यक्त गर्नुभएको छ भने रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनलाई भूमि त्याग गर्न, सेना कटौती गर्न तथा भविष्यमा नाटोमा कहिल्यै पनि सामेल नहुने स्पष्ट प्रतिज्ञा गर्न बाध्य पार्ने प्रस्तावलाई गरेका छन् ।

अमेरिकी योजनाबारे युरोपसँग पर्याप्त समन्वय नभएको आलोचना चलिरहेको बेला युक्रेनी विदेशमन्त्री एन्ड्री सिबिहाले सामाजिक सञ्जाल एक्समार्फत फ्रान्स, बेलायत तथा युरोपेली सङ्घ (इयु) का उच्च प्रतिनिधिसहित आफ्ना युरोपेली समकक्षहरूसँग टेलिफोन वार्तामार्फत 'आगामी कदमहरूको युक्तिसङ्गत आधार' प्रस्तुत गरिसकिएको जानकारी दिए ।

बेलायती विदेशमन्त्री यभेट कुपरले 'युक्रेनले आफ्नो भविष्य आफैँ निश्चित गर्नुपर्ने' स्पष्ट टिप्पणी गरे । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले पनि 'युक्रेनबिना युक्रेनसम्बन्धी कुनै पनि निर्णय स्वीकार्य नहुने' पुनः दोहोऱ्याउँदै दक्षिण अफ्रिकामा हुँदै गरेका जी-२० शिखर वार्तामार्फत युरोपेली नेताहरू संयुक्त धारणा बनाउन जुट्ने बताए ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनलाई एक हप्ताभित्र सम्झौता हस्ताक्षर गर्ने समयसीमा तोकेका छन् तर राष्ट्रपति जेलेन्स्कीले राष्ट्रका नाममा सम्बोधन गर्दै कुनै पनि सहमति युक्रेनको हितविरुद्ध नहोस् भन्ने सुनिश्चितताका लागि वैकल्पिक प्रस्तावसमेत अघि सारिने प्रतिज्ञा गरेका छन् ।

राष्ट्रपति पुटिनले उक्त अमेरिकी रूपरेखाले अन्तिम शान्ति सम्झौताको 'आधारशिला' बन्न सक्ने टिप्पणी गर्दै यदि युक्रेन वार्ताबाट टाढा रह्यो भने रूसी सेनाले थप भू-भाग कब्जा गर्न बाध्य हुन सक्ने चेतावनी दिएका छन् ।

एएफपीले अवलोकन गरेको योजनाअनुसार रुसले केही क्षेत्रमा स्थायी नियन्त्रण प्राप्त गर्नेछ, अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पुनः समायोजन हुनेछ तथा जी-८ मा पुनः फर्कने बाटो खुल्नेछ ।

पुटिनले आफ्ना सुरक्षा परिषद् सदस्यहरूसँगको टेलिभिजन बैठकमा युक्रेन र युरोपेली देशहरूले युद्धमैदानमा रुसलाई रणनीतिक रूपमा पराजित गर्ने कल्पना



राष्ट्रपति जेलेन्स्कीले रूसी आक्रमणको प्रारम्भदेखि युक्रेनले कसरी अटल रूपमा प्रतिरोध गरेको थियो स्मरण गर्दै 'हामीले युक्रेनलाई कहिल्यै धोका दिएका छैनौं, अब पनि दिने छैनौं' भनेका छन् । राष्ट्रपति ट्रम्पले नोभेम्बर २७ लाई युक्रेनका लागि 'उचित समय' भन्दै सहमति जनाउन सङ्केत गरेका छन् । 'उहाँलाई मन परे राम्रो, मन नपरे उहाँहरूले युद्ध जारी राख्न सक्नुहुन्छ', ट्रम्पले पत्रकारहरूलाई स्पष्ट पारे ।

बेचैनीपूर्वक गरिरहेकाले 'उनीहरू भ्रममा बाँचिरहेका छन्' भन्ने टिप्पणी गरेका छन् । साथै, किएभले पछिल्ला दिनहरूमा कुपियान्स्क सहर रूसी सेनाले फिर्ता लिएको दाबीलाई अस्वीकार गर्दै आएको छ ।

राष्ट्रपति जेलेन्स्कीले रूसी आक्रमणको प्रारम्भदेखि युक्रेनले कसरी अटल रूपमा प्रतिरोध गरेको थियो स्मरण गर्दै 'हामीले युक्रेनलाई कहिल्यै धोका दिएका छैनौं, अब पनि दिने छैनौं' भनेका छन् । राष्ट्रपति ट्रम्पले नोभेम्बर २७ लाई युक्रेनका लागि 'उचित समय' भन्दै सहमति जनाउन सङ्केत गरेका छन्, तर आवश्यक परे लचिलोपन देखाउन सकिने खुलासा पनि गरेका छन् । 'उहाँलाई मन परे राम्रो, मन नपरे उहाँहरूले युद्ध जारी राख्न सक्नुहुन्छ', ट्रम्पले पत्रकारहरूलाई स्पष्ट पारे, 'कुनै न कुनै समयमा, उहाँहरूले केही स्वीकार्नै पर्नेछ ।'

अमेरिकी उपराष्ट्रपति जेडी भान्ससँगको छलफलपछि राष्ट्रपति जेलेन्स्कीले युद्ध अन्त्य गर्न ट्रम्प प्रशासनको चाहनालाई युक्रेनले सम्मान गर्ने प्रतिबद्धता दोहोऱ्याए । उनँले जर्मनी, फ्रान्स तथा बेलायतका नेताहरूसँग आपतकालीन टेलिफोना वार्ता सहित छिटै ट्रम्पसँग प्रत्यक्ष भेटवार्ताको तयारी गरिएको बताएका छन् ।

यसैबीच, किएभका नागरिकहरू प्रस्तावप्रति दुई धारमा विभाजित देखिएका छन् । केहीले वार्तामा संलग्न हुनु बुद्धिमत्ता ठान्छन् भने अन्यले यसलाई आत्मसमर्पणको संकेत मान्दै अस्वीकार गर्नुपर्ने तर्क गर्छन् । ४१ वर्षीया दर्जिन यानिनाले 'न त हामी झुक्छौं, न त रुस झुक्नेछ । युद्ध चलिरहन्छ' भन्दै निराशा व्यक्त गरे । युद्धको बीचमा हालै पश्चिमी सहर टेर्नोपिलमा भएको क्रुज मिसाइल आक्रमणमा मृत्यु हुनेहरूको सङ्ख्या ३२ पुगेको छ । यो आक्रमण शीतकालअघि ऊर्जा संरचनाहरूमा भइरहेका निरन्तर आक्रमण र अग्रपङ्क्तिमा युक्रेनी सेनामाथि परिरहेको दबाबका बीचमा भएको हो ।

अमेरिकी प्रस्तावअनुसार मस्कोले नियन्त्रणमा राखिरहेका क्षेत्रहरूलाई 'वास्तविक रूसी भूभाग' को मान्यता दिने, किएभले डोनेट्स्कका केही भागबाट सेना फिर्ता गर्ने, आफ्ना सशस्त्र बल छ लाखमा सीमित गर्ने तथा नाटोमा सामेल नहुने प्रतिबद्धता जनाउनु पर्नेछ । प्रतिफलस्वरूप, युक्रेनले 'विश्वसनीय सुरक्षा प्रत्याभूति' तथा विदेशमा फ्रिज गरिएका रूसी सम्पत्ति मार्फत पुनर्निर्माण कोष पाउनेछ ।

राष्ट्रपति जेलेन्स्कीले आफ्नो सम्बोधनमा भने, 'युक्रेनमाथि परेको दबाब अत्यन्त चुनौतीपूर्ण छ । अब हामीले वा त आफ्नो सम्मान गुमाउने जोखिम मोल्ने वा प्रमुख साझेदार गुमाउने जोखिम व्यहोर्ने जस्ता कठिन विकल्पहरूको सामना गर्नुपर्ने अवस्था छ ।' ट्रम्पले रुस-युक्रेन युद्ध अन्त्य गर्न तयार गरिएको २८ सूत्रीय शान्ति योजनामा युक्रेनको प्रतिक्रियाका लागि नोभेम्बर २७ को कडा समयसीमा तोकेका छन् । *रासस/एएफपी*

# भारतको सुरक्षा नीति राष्ट्रिय प्रतिरोधको पुनःपरिभाषा

**नयाँदिल्ली–** भारतको परम्परागत रणनीतिक संयमले गत दशकका प्रमुख आतंकवादी घटनाक्रम र जनस्तरका कडा अपेक्षाहरूलाई चुनौती दिँदै एक नयाँ, दृढ र प्रष्ट सुरक्षा सिद्धान्तका लागि मार्ग बनाइरहेको छ ।

प्रसिद्ध विश्लेषक जोन स्पेन्सर र लरेन डगन एमोसद्वारा प्रस्तुत गरिएको मूल्याङ्कनअनुसार भारतले आतंकवादसम्बन्धी प्रतिक्रियादेखि लिएर पाकिस्तानसँगको तनाव व्यवस्थापन र इस्लामाबाद-बेइजिङ दुवैलाई प्रतिरोध सङ्केतहरू पठाउने ढङ्गसम्म अब निर्णायक मोड पार गरिसकेको छ ।

सन् २०१६ को उरी, सन् २०१९ को बालाकोट र सन् २०२५ को पहलगामलगायत पाकिस्तानमा भएका ठूला आतंकवादी आक्रमणहरूको शृफ्लाले सीमित, स्थिर र पूर्वानुमानयोग्य प्रतिक्रियाले सीमापार आतंकवाद रोक्न पर्याप्त नहुने स्पष्ट गरेको थियो । विश्लेषकद्वयका अनुसार यस्ता प्रतिक्रियाले पाकिस्तान समर्थित समूहहरूलाई पछिल्ला आक्रमणहरूका लागि अझ सहज वातावरण उपलब्ध गराइदियो, जसले आतंकवादलाई अन्तरराज्यीय द्वन्द्वभन्दा तल राख्ने पुरानो मान्यतालाई नै चुनौती दियो ।

उनीहरूको अध्ययनले अपरेसन सिन्दूरलाई यो परिवर्तनको मूर्त प्रतिबिम्बका रूपमा औंल्याउँछ । भारतले अब कुनै पनि कारबाही अघि लामो एट्रिब्युसन प्रक्रिया वा अन्तर्राष्ट्रिय अनुमतिका लागि प्रतीक्षा गर्दैन । नागरिक जीवन र सुरक्षामा प्रत्यक्ष खतरा देखिएमा पहिले हान्ने तयारीमा आधारित नयाँ सिद्धान्तलाई भारतले सम्मानपूर्वक आत्मसात् गरिसकेको छ । लामो दूरीका हतियार, ड्रोन झुण्ड, लोटर मुनिसन र वास्तविक-समयमा समन्वित खुफिया संयन्त्रको प्रयोगले भारत अब प्रहार गर्ने क्षणमै सन्देश दिने कार्यगत क्षमतामा प्रवेश गरेको देखिन्छ ।

उनीहरूले संयमले द्वन्द्वको विस्तार रोक्छ भन्ने अघिल्लो धारणालाई उल्ट्याउने ठाउँमा परिस्थिति पुगेको औंल्याएका छन् । पाकिस्तानको सुरक्षा प्रतिष्ठानद्वारा पोषित समूहहरूले भारत तत्काल कडा प्रतिघातमा नउतारिने अनुमान गर्दै परम्परागत प्रतिक्रियाको ढाँचालाई नै दोहन गरेका थिए । सीमित प्रतिशोधले स्पष्ट प्याटर्नहरू बनाइदियो, जसबाट पछि-पछि हिंसा झन् बढेको विश्लेषकहरूको तर्क छ ।

यसको विकल्पस्वरूप भारतले अब ठूला आतंकवादी प्रहारलाई युद्ध-स्तरका आक्रमणका रूपमा लिँदै बाध्यताको सिद्धान्त लागू गरेको

> २०१६ को उरी, सन् २०१९ को बालाकोट र सन् २०२५ को पहलगामलगायत पाकिस्तानमा भएका ठूला आतंकवादी आक्रमणहरूको शृत्लाले सीमित, स्थिर र पूर्वानुमानयोग्य प्रतिक्रियाले सीमापार आतंकवाद रोक्न पर्याप्त नहुने । विश्लेषककाअनुसार यस्ता प्रतिक्रियाले पाकिस्तान समर्थित समूहहरूलाई पछिल्ला आक्रमणहरूका लागि अझ सहज वातावरण उपलब्ध गराइदियो, जसले आतंकवादलाई अन्तरराज्यीय द्वन्द्वभन्दा तल राख्ने पुरानो मान्यतालाई नै चुनौती दियो ।

छ । अपरेसन सिन्दूरका क्रममा नेतृत्वले स्पष्ट पारेअनुसार यस्ता आक्रमणलाई अब केवल कानून-प्रवर्तनको मामिला रूपमा हेर्ने परम्परा समाप्त भएको छ । पूर्व-मुक्ति अब वैध सार्वभौम अधिकारको रूपमा स्थापित भइसकेको छ, जसले भारतको सुरक्षा सोचमा एपिसोडिक नभई, संस्थागत परिवर्तन आएको पुष्टि गर्छ ।

विश्लेषकद्वयका अनुसार भारतको प्रतिरोध-मुद्रा अब घटना-आधारित नभई, ढाँचा-आधारित बनेको छ । जनतामा कडा, तत्काल र दृढ कारबाहीको अपेक्षा बढेसँगै संयमका लागि राजनीतिक अवकाश सङ्कुचित हुँदै गएको छ । नागरिकले अनुसन्धानभन्दा प्रतिशोध माग्ने मनोविज्ञानले राष्ट्रको समग्र सुरक्षा दृष्टिकोणलाई गहिरो प्रभाव पारेको छ ।

यो पुनःपरिभाषा कूटनीतिक व्यवहारसम्म पनि विस्तार भइसकेको छ । सन् २०२५ मा पाकिस्तानसँग भएको युद्धविराम वार्ताका बेला भारतले बाह्य मध्यस्थता सर्वथा अस्वीकार गर्दै प्रत्यक्ष सैन्य-स्तरको संवादमार्फत समस्या समाधान गर्ने नीति औपचारिक रूपमा अवलम्बन गऱ्यो । यसले रणनीतिक स्वायत्तताको संरक्षणलाई भारतले कत्तिको सम्मान गर्दछ भन्ने स्पष्ट पार्छ ।

सन्धि व्यवस्थापन पनि यसै परिवर्तनको प्रभावबाट बाहिर छैन । भारत-पाकिस्तान सम्बन्धको स्थिर आधारस्तम्भ मानिएको सन् १९६० को सिन्धु जल सन्धिको निलम्बन भारतद्वारा स्रोत तथा व्यवस्थापन ढाँचालाई रणनीतिक लाभका रूपमा प्रयोग गर्न थालेको महत्त्वपूर्ण सङ्केत हो । अब हवाई-क्षेत्र, सीमा संयन्त्र र पानी-सम्झौता जस्ता मुद्दाहरू केवल यति आधारमा मूल्याङ्कन गरिन्छन्—के यी भारतको सुरक्षा चासोलाई सुदृढ गर्छन् कि गर्दैनन् ।

त्यस्तै, सन् १९७२ को शिमला सम्झौता जस्ता कूटनीतिक संयन्त्रहरूको प्रभावकारिता भारतले पुनर्मूल्याङ्कन गरिरहेको छ, किनकि ती सम्झौताले भारतलाई पाकिस्तानभन्दा बढी सीमित बनाइरहेको भारतको दृष्टिकोण छ ।

आणविक सिद्धान्तका सन्दर्भमा भारतले सार्वजनिक रूपमा 'पहिले प्रयोग नगर्ने' नीतिलाई निरन्तर समर्थन गरिरहे पनि राजनीतिक नेतृत्वद्वारा प्रस्तुत हुने क्यालिब्रेटेड अस्पष्टताले विकसित खतराहरूलाई सामना गर्न लचिलोपन वृद्धि गरेको छ । विश्लेषकद्वयका अनुसार, सुरक्षा सिद्धान्त 'निश्चित प्रतिशोध' बाट 'निश्चित दण्ड' तर्फ उन्मुख हुँदै गएको छ । एमआइआरभी क्षमता, थप तयारी सहितका क्यानिस्टराइज्ड मिसाइल, नियमित एसएसबिएन गस्ती—यी सबैले भारतको आणविक प्रतिरोध केवल प्रतीकात्मक नभई, कार्यगत रूपमा तत्पर बनिरहेको प्रमाणित गर्छन् ।

पाकिस्तानको आणविक कमान्ड-एन्ड-कन्ट्रोल संरचनाबाट नजिक रहेका परम्परागत लक्ष्यविरुद्ध भारतीय सटीक प्रहारहरू परम्परागत-आणविक सीमारेखालाई अझ सङ्कुचित बनाइरहेको उल्लेख पनि लेखकहरूले गरेका छन् ।

आतंकवाद-विरोधी सिद्धान्तमा त अझै गहिरो परिवर्तन देखिन्छ । प्रोक्सी समूहहरूलाई अब राज्य-नीतिको स्पष्ट उपकरण मानिँदै भारतको 'शून्य सहिष्णुता' नीति आक्रमण रोक्ने सीमाभन्दा बाहिर निस्केर ती समूहलाई सक्षम बनाउने सम्पूर्ण संरचना नै नष्ट गर्ने दिशामा विकसित भएको छ । आतंकवादी समूह वरपरका आर्थिक, रसद र समर्थन सञ्जालहरूलाई वैध लक्ष्यका रूपमा लिइन थालिएको छ । *रासस/एएनआई*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २४१७०० | प्रति तोला – ० | प्रति तोला – ३१०० |



**अल्लोको व्यापार** | दाङको घोराही उपमहानगरपालिका-१४ स्थित युनिक दिदीबहिनी अल्लो उद्योगमा अल्लो धागोबाट सामग्री बनाउन व्यस्त महिला उद्यमी । गर्मी र जाडो दुवै मौसमका लागि अल्लोको कपडा उपयुक्त मानिन्छ । *तस्बिरः कुलदीप न्यौपाने/रासस*


## नेपाल–चीन सिमानामा हाटबजार पूर्वाधार निर्माण गरिने

■ प्रभाव संवाददाता

**मुस्ताङ–** नेपाल-चीन सिमाना उत्तरी कोरलानाकास्थित दशगजा क्षेत्रमा हाटबजार पूर्वाधार निर्माण गरिँदै छ । भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशअन्तर्गत पूर्वाधार विकास कार्यालयले कोरलानाकामा स्थानीयका लागि हाटबजार व्यवस्थापनका लागि पूर्वाधार निर्माण गर्ने जनाएको हो ।

नेपाल-चीन कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन भएको पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जगदीश जोशीले जानकारी दिए । उनले कोरलास्थित सीमानाकामा हाटबजार निर्माणका लागि प्रारम्भिक सर्वे अध्ययन गरिएको उल्लेख गरे ।

'हाटबजार लागि सर्वे अध्ययन, लागत अनुमान र डिजाइनको काम सुरु गरेका छौँ । साथै स्थानीय जनप्रतिनिधि र हाटबजार चलाउने व्यापारीको धारणा बुझ्दै छौँ', उनले भने, 'यसलाई कस्तो डिजाइनको बनाउने भन्ने अहिले यकिन भइसकेको छैन ।'



नेपाल-चीन उत्तरी कोरलानाका विसं २०८० कात्तिक २७ गते औपचारिक रूपमा उपल्लो मुस्ताङका नागरिकका लागि खुल्ला गरिएको थियो । सीमावर्ती क्षेत्रका स्थानीय नागरिकका लागि बाह्रै महिना कोरलानाकाको ढोका खुल्ला गरिएसँगै चिनियाँ मालसामान बिक्री गर्न अस्थायी रूपमा त्रिपाल टाँगेर हाटबजार सञ्चालन गर्दै आइरहेका छन् । नाका आसपास करिब दुई दर्जन बढी नागरिकले हाटबजारमार्फत व्यापार सञ्चाल गर्दै आएका छन् ।

समुन्द्री सतहबाट चार हजार ६२० मिटरको उचाइमा अवस्थित कोरलानाकामा हाटबजारका साथै स्थानीय युवालाई वैकल्पिक व्यापार व्यवसाय चलाएर आर्थिक जीविकोपार्जनमा योगदान पुगेको छ । नाकामा हाटबजार चलाउने स्थानीयका लागि भरपर्दो पूर्वाधार नहुँदा हिमपात, चिसो र हावाहुरीको सामाना गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने उद्देश्यले पूर्वाधार निर्माणको पहल थालिएको जोशीले बताए ।

पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जोशीले कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि विनियोजित बजेट अपुग हुने देखिएमा प्रदेश सरकारसँग थप माग गर्नुपर्ने आवश्यकता औंल्याए ।

विसं २०८१ कात्तिक १४ गते नेपाल-चीन सिमाना कोरलास्थित अध्यागमन कार्यालयको उद्घाटनमा पुगेका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कोरला नाकामा अव्यवस्थित रूपमा सञ्चालन भएका हाटबजारलाई व्यवस्थित गर्ने बताएका थिए । त्यसपछि उनले नाकामा हाटबजार व्यवस्थापन गर्न आंशिक बजेट विनियोजन गरेका हुन् । प्रदेश सरकारबाट विनियोजित बजेट न्यून भएको स्थानीय सरोकार भएकाहरूको भनाइ छ ।

पछिल्लो समय कोरलानाका व्यापारिक केन्द्रका रूपमा मात्रै नभई पर्यटकीय गन्तव्यसमेत बनेको छ । नाकामा हुने अनुकूल मौसमका कारण दिनहु सयौँ पर्यटक यहाँ पुग्ने गरेका छन् । गत ३० भदौदेखि यस नाका पूर्ण रूपमा सञ्चालनमा आएसँगै पर्यटकीय चहलपहल पनि बढेको स्थानीय बताउँछन् ।

नाकामा नेपाल पक्षबाट आवश्यक भौतिक पूर्वाधार निर्माण नहुदा यहाँ पुग्ने पर्यटक तथा हाटबजार चलाएर बस्ने नागरिकलाई सास्ती हुँदै आएको छ । नाकामा खानेपानी, शौचालय र हाटबजारका स्टललगायत पूर्वाधार नहुँदा समस्या हुँदै आएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बताए । नाकामा पूर्वाधार निर्माणका लागि स्थानीय तह एक्लैले काम गर्न गाह्रो हुने भएकाले प्रदेश सरकारसँग समन्वय गरिएको उनको भनाइ छ ।

## पर्यटन प्रवर्द्धनका लागि बन्दीपुर महोत्सव

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)** – पर्यटकीय नगरी बन्दीपुरको प्रचारप्रसार र बन्दीपुर भ्रमण वर्ष २०२५ का अवसरमा यही मङ्सिर १० गतेदेखि २१ गतेसम्म छैटौँ बन्दीपुर महोत्सव आयोजना हुने भएको छ ।

तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर बजार इकाइ समितिको आयोजनामा टुँडिखेलमा महोत्सव सञ्चालन हुनेछ । 'उद्योग, व्यापार, पर्यटन र कृषिको प्रव्रद्धनः स्थानीय कला र संस्कृतिको संरक्षण' भन्ने मूल नारासहित महोत्सव आयोजना गरिएको र तयारी अन्तिम चरणमा पुगेको महोत्सव संयोजक एवं इकाइ सभापति घनश्याम उपाध्यायले शनिबार बन्दीपुरमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । बन्दीपुर नेपालकै पर्यटकीय गन्तव्यस्थल रहेकाले यसको थप प्रवर्द्धनमा महोत्सवले सहयोग पुग्ने उनले बताए ।

यहाँ अवस्थित ऐतिहासिक सम्पदाहरू एवं प्रचुर सम्भावना बोकेका पर्यटकीयस्थलको पहिचान, प्रचारप्रसार गरी बन्दीपुरको आर्थिक उन्नतिमा टेवा पुऱ्याउने लक्ष्य राखिएको उनको भनाइ छ ।

महोत्सव दुई लाखभन्दा बढी पर्यटकले अवलोकन गर्ने लक्ष्य राखिएको र रु पाँच करोड बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको उनले बताए ।

महोत्सवका क्रममा धार्मिक तथा ऐतिहासिक स्थल खड्गदेवी मन्दिर, पहाडपानी महादेव, विन्ध्यवासिनी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, चामुण्डामाई भुत्याहा बराहा, सन्तानेश्वर महादेव, मणिमुकुन्द सेन दरबार तथा मार्ग, टुँडिखेल, रानीवनको भ्रमण गराइने उनले बताए । महोत्सवका क्रममा सहासिक पर्यटन खेलहरू चट्टान आरोहण, प्याराग्लाइडिङ, सेती जलयात्रा, साइक्लिङिको मज्जा लिन सकिने उनको भनाइ छ ।

महोत्सवमा व्यापारिक सामग्रीका ७९, विभिन्न घरेलु तथा हस्तकलाका तीन, कृषिउपजका दश, सेवामूलक संस्थाको एक, होटल रेष्टुरेन्टका आठ, सूचना केन्द्र एक, अटो कम्पनीका दुईलगायत स्टल रहनेछन् । बन्दीपुर गाउँपालिका संरक्षक रहेको महोत्सवको प्रवर्द्धकमा तनहुँ उद्योग वाणिज्य सङ्घ, नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासङ्घ, बन्दीपुर भ्रमण वर्ष २०२५ सचिवालय रहेको छ ।

महोत्सवले बन्दीपुर भ्रमण वर्ष २०२५ लाई सहयोग गर्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए । भ्रमण वर्षका अवसरमा विविध कार्यक्रम गर्ने निर्णयबमोजिम महोत्सव गर्न लागिएको उनको भनाइ छ ।

भ्रमण वर्षलाई लक्षित गरी हरेक महिना गाउँपालिकाभित्र र बाहिर गरी दुई वटा कार्यक्रम गर्ने गरिएको उनको भनाइ छ । सोहीअनुसार गत भदौ १६ गते होटल एशोसिएसन बन्दीपुरको संयोजकत्वमा काठमाडौँमा बन्दीपुर प्रवर्द्धन कार्यक्रम गरिएको र त्यसले बन्दीपुरको पर्यटनलाई थप टेवा पुगेको उनको भनाइ थियो ।

## व्यावसायिक पशुपालनप्रति बढ्दो आकर्षण

**गुल्मी (प्रस)**– व्यावसायिक पशुपालनबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसान पुनःपशुपालनमा आकर्षित हुन थालेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीका प्रमुख हुमकान्त पाण्डेयका अनुसार जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा किसानले पशुजन्य उत्पादनबाट रु चार अर्बभन्दा बढी कारोबार गरेको जानकारी दिए ।

केन्द्रका अनुसार गत आवमा रु चार अर्ब ५९ करोड २९ लाखभन्दा बढी मासु, दूध र अण्डा उत्पादन भएको छ । जसमा रु एक अर्ब ८४ करोड ३८ लाखको दूध मात्रै उत्पादन भएको छ ।

केन्द्रका अनुसार गत आवमा गाईको दूध छ हजार ३८१ मेट्रिकटन र भैंसीको दूध १६ हजार ४३७ मेट्रिकटन उत्पादन भएको थियो । जिल्लामा आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा २ दशमलव ५१ प्रतिशतले दूधको उत्पादनमा वृद्धि भएको केन्द्रको भनाइ छ ।

हाल जिल्लाबाट दैनिक एक हजार ५०० लिटर दूध अन्य जिल्लामा जाने गरेको छ । जिल्लाका सत्यवती र रुरुक्षेत्र गाउँपालिकामा तुलनात्मक रूपमा बढी दूध उत्पादन हुने गरेको छ । यहाँ उत्पादन हुने दूध रूपन्देही र पोखरा पठाउने गरिएको छ । गुल्मीमा गत आवमा रु दुई अर्ब ५८ लाख २३ हजार बराबरको मासु उत्पादन भएको छ । गत आर्थिक वर्षमा जिल्लाबाट १५ हजार खसीबोका, एक हजार ९०० राँगाभैंसी र पाँच लाख ४७ हजार ५०० लिटर दूध जिल्ला बाहिर निर्यात भएको कार्यालयले जनाएको छ ।

## विषादी न्यूनीकरणका लागि सचेतना अभियान

**नवलपरासी–** व्यावसायिक रूपमा उत्पादन हुने सागसब्जीमा विषादीको मात्रा देखिएपछि कृषि विकास कार्यालय नवलपुरले कृषकहरूलाई विषादी न्यूनीकरणसम्बन्धी सचेतना अभियान थालेको छ ।

कृषि विकास कार्यालय, विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ कावासोती र स्थानीय तहको संयुक्त पहलमा व्यावसायिक रूपमा सागसब्जी उत्पादन गर्ने किसानलाई विषादी प्रयोगसम्बन्धी सचेतना प्रदान गर्ने उद्देश्यले अभियान थालिएको कृषि विकास कार्यालय नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए ।

किसानको बारीसम्ममै पुगेर विषादीको प्रयोगसम्बन्धी सचेतना प्रदान गर्न सुरु गरिएको उनले बताए । नवलपुरको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा केही दिनअघि काउलीमा 'अर्गानोफस्फेट' विषादीको मात्रा ९८ प्रतिशत भेटिएको थियो । कावासोती कृषि थोक बजार केन्द्रमा बिक्रीका लागि ल्याइएका सागसब्जीमा लगातार रूपमा विषादीको मात्रा भेटिएपछि विषादी प्रयोग न्यूनीकरणका लागि संयुक्त पहल थालिएको हो । 'पछिल्लो पटकका परीक्षणहरूमा सागसब्जीमा विषादीको मात्रा भेटिन थालेपछि, कृषकलाई यसको प्रयोगको बारेमा सचेत गराउने अभियान सुरु गरेका हौँ', कृषि विकास कार्यालय नवलपुरका प्रमुख तिवारीले भने ।

सागसब्जी उत्पादक किसानसहित विषादी बेच्ने एग्रोभेटका सञ्चालकहरूलाई समेत विषादीको प्रयोगका विषयमा सचेत गराउने उद्देश्यले अहिले कामहरू गरिएको उनले बताए । किसानहरूलाई सही रूपमा विषादीको प्रयोग गर्न सिकाउन, जथाभावी विषादी प्रयोगले मानव स्वास्थ्य र कृषि पर्यावरणीय प्रणालीमा पर्ने असरहरूको बारेमा जानकारी दिनका लागि संयुक्त अभियान चलाइएको देवचुली नगरपालिका कृषि विकास शाखाका प्रमुख गगन भट्टराईले जानकारी दिए । उक्त क्रममा किसानहरूले प्रयोग गर्दै आएका विभिन्न विषादी, तिनीहरूको उचित प्रयोग समय, मात्रा र मानव जीवनमा पर्ने प्रभावबारे विस्तृत जानकारी प्रदान गर्ने गरिएको छ ।

किसानलाई बालीमा प्रयोग हुने विषादीको प्रकार, उचित मात्रा, प्रयोगको समय र मानव स्वास्थ्यमा पर्ने सम्भावित असरबारे जानकारी गराउने गरिएको छ । साथै, विषादी प्रयोग गरेको बालीमा विषादीको असर हुने समयको जानकारी गराउँदै विषादी प्रयोग गर्दा व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग र विषादीको सही भण्डारण तथा नष्ट गर्ने उपायबारे पनि कृषकहरूलाई सिकाउने गरिएको कृषि विकास कार्यालय नवलपुर प्रमुख तिवारीले बताए ।

किसानले विषादीको सही रूपमा प्रयोग नगरेको, बढी मात्रामा विषादीको प्रयोग र कडा खालका विषादी प्रयोग गर्दा सागसब्जीमा विषादीको अवशेष भेटिने गरेको उनले बताए । किसानलाई विषादीको सही प्रयोग सिकाए मात्र पनि सागसब्जीमा विषादीको मात्रा घट्ने र मानव स्वास्थ्य जोगाउन सहयोग पुग्ने कृषि विकास कार्यालयका प्रमुख तिवारीले बताए । विषादी प्रयोग पछि विषादीको प्रकार हेरेर कति दिन टिप्न नहुने भन्ने समेत रहने हुँदा यो विषय ख्याल गरे मात्र पनि बजारका सागसब्जीमा विषादीको मात्रा घट्ने उनले बताए ।

संयुक्त पहलमा थालिएको अभियानपछि कृषकले सागसब्जीमा विषादीको मात्रा घटाउँदै गएकाले उपलब्धि राम्रो भएको उनले बताए । निरन्तर सचेतनाका कार्यक्रम गर्दै जाँदा अहिले यहाँका व्यावसायिक कृषि फर्मबाट उत्पादन हुने सागसब्जी राम्रो उत्पादन हुने थालेको कृषि विकास कार्यालय नवलपुरका प्रमुख तिवारीले बताए ।

## उद्यमशीलतासम्बन्धी नीतिगत प्रबन्ध गर्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौँ महानगरपालिकाले महिला उद्यमशीलतासम्बन्धी नीतिगत प्रबन्ध गर्ने भएको छ । कामपामा बसोबास गर्ने हातमा केही न केही सीप भएका महिलाहरूले अब खाली बस्नु नपर्नेगरी नीति तयार गर्न लागिएको उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

उद्यमशीलतासँग सम्बन्धित 'एक वडा, एक नमूना कार्यक्रम' ले नतिजा प्रदान गर्न थालेको उपप्रमुख डंगोलको दाबी छ । उनका अनुसार महिला समूहहरूलाई पनि उद्यमी बनाउने लक्ष्य दिइएको छ । यसलाई नीतिगत रूपमा नै व्यवस्था गरिने उनको भनाइ छ । 'घरमै बसे पनि हातमा केही न केही सीप हुन सक्छ । कसैलाई मीठो खाना बनाउन आउँछ । कसैलाई कपडा सिलाउन आउँछ । कसैलाई सजावटका सामान बनाउन आउँछ । यो भनेको आय प्रदान गर्ने सीप हो । मैले के जानेको छु र ? भनेर नबस्नु होला', उनले महिलाहरूलाई प्रोत्साहित गरिन् ।

महिला समितिबाट महिलाहरूको अवस्था (सुविधा, स्तर, पहुँच, समय बचत), अवस्थिति (स्वाभिमान, मर्यादा, आवाज र प्रभाव) र अभिकार्य (अग्रता, समर्पण र समाधान)मा सकारात्मक परिवर्तन आएको सामाजिक विकास विभागका प्रमुख समीक्षा निरौलाको भनाइ छ ।

कामपाले सामाजिक विकास विभागले २०७५ सालदेखि महिला विकास समूह र समितिको गठन थालेको हो । विसं २०७८ मा सबै वडामा समूह गठन भइसकेका छन् । अहिले महानगरपालिकाभित्र ३५ वटा महिला विकास समिति छन् । यी समितिअन्तर्गत पाँच/पाँच जना रहेका अरु ६०० वटा समूह छन् । समूहका सदस्यहरूले आपसी सल्लाह गरेर महिनाको निश्चित पैसा जम्मा गर्ने गरेका छन् । यसरी जम्मा गर्नेको रकम हेर्दा थोरैमा रु १०० देखि ५०० सम्म जम्मा भएको देखिन्छ । यसरी जम्मा भएको पैसा हरेक दुई वर्षमा ब्याजसहित फिर्ता हुन्छ ।

कामपाभित्रका समूहमा अहिले तीन हजार एक जना सदस्य छन् । समूहहरूको हरेक महिना बैठक बस्ने गरेको छ । गठन गरिएका समूहमा आबद्ध भएपछि महिलाहरू घर बाहिर आउन सक्छन् । महिला सशक्तीकरणको पहिलो पाइला यही नै रहेको बताइएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ